Prasashan.com Prasashan.com Prasashan.com

# सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : सङ्घीय निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र सहभागितामूलक बनाउँदै सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सङ्घीय निजामती सेवा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अख्तियारवाला" भन्नाले दफा १४ बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ ।

(ख) "कार्यालय प्रमुख" भन्नाले तोकिएको कार्यालयको प्रमुख कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउँछ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "निजामती कर्मचारी" भन्नाले सङ्घीय निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "निजामती कर्मचारीको ट्रेड यूनियन" भन्नाले दफा ११९ बमोजिम गठित निजामती कर्मचारीको ट्रेड यूनियन सम्झनु पर्छ ।

(च) "निजामती सेवा" भन्नाले दफा ४ बमोजिम गठित सङ्घीय निजामती सेवा सम्झनु पर्छ ।

(छ) "परिवार" भन्नाले निजामती कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सौतेनी आमा, बाजे, बज्यै, सासू र ससुरा सम्झनु पर्छ ।

नि-सचिव

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(झ) "राष्ट्रिय किताबखाना" भन्नाले संघीय निजामती कर्मचारीको अभिलेख राख्ने निकाय सम्झनु पर्छ ।

(ञ) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ट) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने संघीय निजामती सेवाको पद सम्झनु पर्छ ।

(ठ) "सजायको आदेश दिने अधिकारी" भन्नाले विभागीय सजायको आदेश दिन पाउने दफा ९२ बमोजिमको अधिकारी सम्झनु पर्छ ।

(ड) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डी.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ढ) "स्थायी पद" भन्नाले निवृत्तभरण वा योगदानमा आधारित निवृत्तभरण पाउने र म्याद नतोकिएको सङ्घीय निजामती सेवाको पद सम्झनु पर्छ ।

३. निजामती सेवा सम्बन्धी केन्द्रीय निकाय : (१) निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु तथा निजामती कर्मचारीको व्यवस्थापन र सञ्चालनका सम्बन्धमा मन्त्रालयले केन्द्रीय निकायको रुपमा काम गर्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएदेखि बाहेक निजामती प्रशासन सम्बन्धी काम मन्त्रालयको नीतिगत स्वीकृति बिना गर्न पाइने छैन ।

## परिच्छेद- २

## निजामती सेवाको गठन

४. निजामती सेवाको गठन : (१) नेपाल सरकारले सङ्घीय निजामती सेवामा देहाय बमोजिमका सेवाहरुको गठन गर्नेछ :-

नि-सचिव

(क) नेपाल इन्जिनियरिङ्ग सेवा,

(ख) नेपाल कृषि तथा वन सेवा,

(ग) नेपाल न्याय सेवा,

(घ) नेपाल परराष्ट्र सेवा,

(ङ) नेपाल प्रशासन सेवा,

(च) नेपाल लेखापरीक्षण सेवा,

(छ) नेपाल संसद सेवा, र

(ज) नेपाल स्वास्थ्य सेवा ।

(२) उपदफा (१) बमोजिम गठित सेवामध्ये नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल लेखा परीक्षण सेवा, नेपाल संसद सेवा र नेपाल स्वास्थ्य सेवा बाहेक अन्य सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीमा सेवा रहने छैन ।

(३) उपदफा (२) बमोजिम नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल लेखापरीक्षण सेवा र नेपाल स्वास्थ्य सेवाका विशिष्ट श्रेणीका पदहरूमा तत् तत् सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारी मात्र बढुवाको लागि सम्भाव्य उम्मेद्वार हुनेछन् । साथै यस उपदफामा उल्लेखित सेवाका कर्मचारीहरू अन्य सेवाको विशिष्ट श्रेणीको पदमा सरुवा एवम् बढुवा हुने छैनन् ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल कृषि सेवा र नेपाल वन सेवामा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणी र सो भन्दा मुनिको पदमा कार्यरत निजामती कर्मचारीहरु नेपाल कृषि तथा वन सेवाको तोकिए बमोजिमको समूहमा समूहीकृत हुनेछन्।

(५) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल शिक्षा सेवा र नेपाल विविध सेवाका राजपत्राङ्कित प्रथम श्रेणी र सो भन्दा मुनिको पदमा कार्यरत निजामती कर्मचारीहरु उपदफा (१) बमोजिमको मिल्दो सेवामा तोकिए बमोजिम समुहीकृत हुनेछन् ।

(६) उपदफा (१) बमोजिमका सेवा अन्तर्गत तोकिए बमोजिमका समूह तथा उपसमूह रहन सक्नेछन् ।

५. <u>श्रेणी र तह</u> : (१) नेपाल स्वास्थ्य सेवा बाहेक निजामती सेवाका अन्य सेवाहरुमा देहाय बमोजिमका श्रेणीहरु रहनेछन्:-

| राजपत्राङ्कित | राजपत्र अनङ्कित |
|---|---|
| विशिष्ट | प्रथम |



नि-सचिव

प्रथम — द्वितीय

द्वितीय — तृतीय

तृतीय — चतुर्थ

पाँचौं

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

(२) नेपाल स्वास्थ्य सेवामा देहाय बमोजिमका तहहरु रहनेछन् :-

| अधिकृत तह | सहायक अधिकृत तह | सहायक तह |
|---|---|---|
| बाह्रौं | छैठौं | पाँचौ |
| एघारौं | | चौथौ |
| दशौं | | तेस्रो |
| नवौं | | |
| आठौं | | |
| सातौं | | |

(३) निजामती सेवाको अन्य सेवाहरुको श्रेणी तथा नेपाल स्वास्थ्य सेवाको तहको समकक्षता देहाय बमोजिम हुनेछ ।

| सि.नं. | नेपाल स्वास्थ्य सेवा वाहेक अन्य सेवाहरु | नेपाल स्वास्थ्य सेवा |
|---|---|---|
| १. | रा.प. विशिष्ट | अधिकृत बाह्रौं |
| २. | रा.प. प्रथम | अधिकृत एघारौं |
| ३. | रा.प. द्वितीय | अधिकृत दशौं र नवौं |
| ४. | रा.प. तृतीय | अधिकृत आठौं र सातौं |
| | | सहायक अधिकृत छैठौं |
| ५. | रा.प. अनं. प्रथम | सहायक पाँचौ |
| ६. | रा.प. अनं. द्वितीय | सहायक चौथो |
| ७. | रा.प. अनं. तृतीय | सहायक तेश्रो |

नि-सचिव

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि रा.प. अनं. तृतीय श्रेणी र सहायक तेस्रो तहमा कुनै कर्मचारी नरहेमा सो श्रेणी वा तह रहने छैन ।

(५) यो ऐन प्रारम्भ हुनु अघि श्रेणी विहीन पदमा बहाल रहेको कर्मचारी यो ऐन प्रारम्भ भएपछि स्वत: राजपत्र अनङ्कित पाँचौं श्रेणीमा कायम भएको मानिनेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले यो ऐन जारी भएको मितिले एक वर्ष भित्र नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निजामती सेवाको श्रेणीगत व्यवस्थालाई तहगत प्रणालीमा रुपान्तरण गरी एकीकृत निजामती सेवा प्रणाली लागू गर्नेछ ।

६. कार्यविवरण र कार्यसम्पादन सम्झौता : (१) नेपाल सरकारले स्वीकृत गरेको सङ्गठनको कार्यविवरणको आधारमा प्रत्येक निकायले सङ्गठनका लागि स्वीकृत पदहरुको कार्यविवरण बनाई लागू गर्नु पर्नेछ । त्यस्तो कार्यविवरणमा प्रत्येक पदको काम, कर्तव्य, उत्तरदायित्व र अधिकार समेत उल्लेख गर्नु पर्नेछ ।

तर राजपत्राङ्कित विशिष्ट श्रेणीका पदको कार्यविवरण नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) निजामती कर्मचारीलाई पदस्थापन गर्दा निजको कार्यविवरण समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको कार्यविवरणको आधारमा निजामती कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउन सकिनेछ ।

तर कुनै पनि आयोजना प्रमुख तथा तोकिए बमोजिमका विभागीय प्रमुख र कार्यालय प्रमुखसँग अनिवार्य रुपमा कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(४) कार्यविवरण र कार्यसम्पादन सम्झौता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## निजामती सेवाको दरबन्दी तथा पदपूर्ति

७. दरबन्दी सृजना : (१) निजामती सेवामा रहने पदको दरबन्दी तोकिए बमोजिम सृजना हुनेछ ।

(२) कुनै सरकारी कार्यालयको सङ्गठन संरचना वा दरबन्दी निर्धारण गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।



नि-सचिव

(३) उपदफा (२) बमोजिम सर्वेक्षण गर्दा कार्यालयको कार्य प्रकृति र कार्यबोझ विश्लेषण गरी दरवन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नुपर्ने कारण र औचित्य समेतका आधारमा गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सर्वेक्षण गरी तयार गरिएको प्रतिवेदन सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमतिको लागि पठाई सो मन्त्रालयको सहमति प्राप्त भएपछि मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले सोको औचित्यको आधारमा मूल्याङ्कन गरी रायसहित सङ्गठन संरचना वा दरवन्दी स्वीकृतिको लागि दुई महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको विषयमा नेपाल सरकारले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरवन्दी स्वीकृत गर्नेछ ।

(६) उपदफा (५) बमोजिम नेपाल सरकारबाट सङ्गठन संरचना वा दरवन्दी स्वीकृत भएपछि सम्बन्धित केन्द्रीय निकायले राष्ट्रिय किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउनेछ ।

(७) यस दफा बमोजिम कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (६) बमोजिम राष्ट्रिय किताबखानामा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय वा कार्यालयमा स्थायी दरवन्दी सृजना गरिने छैन ।

८. निजामती सेवाको पदपूर्ति : (१) सङ्घीय निजामती सेवाको विशिष्ट श्रेणीको पद दफा २६ बमोजिम र अन्य पद देहाय बमोजिम पूर्ति गरिनेछ :-

| पद | | खुला प्रतियोगिताद्वारा | अन्तर सेवा प्रतियोगिताद्वारा | बढुवाद्वारा | |
|---|---|---|---|---|---|
| | | | | आन्तरिक प्रतियोगिताद्वारा | ज्येष्ठताद्वारा |
| (क) | राजपत्र अनङ्कित पाँचौ श्रेणी | १००% | - | - | - |
| (ख) | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | - | - | - | - |
| (ग) | राजपत्र अनङ्कित तृतीय श्रेणी | - | - | - | - |



नि-सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| (घ) | राजपत्र अनङ्कित द्वितीय श्रेणी | - | - | २०% | १०% |
| (ङ) | राजपत्र अनङ्कित प्रथम श्रेणी | ७०% | - | १०% | २०% |
| (च) | राजपत्राङ्कित तृतीय श्रेणी | ७०% | २०% | - | १०% |
| (छ) | राजपत्राङ्कित द्वितीय श्रेणी | - | २०% | १०% | ७०% |
| (ज) | राजपत्राङ्कित प्रथम श्रेणी | - | २०% | १०% | ७० % |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहको पदमा दफा १०७ बमोजिम र सो सेवाका अन्य पदहरु देहाय बमोजिम पूर्ति गरिनेछ :-

| | तह | खुला प्रतियोगिताद्वारा | अन्तर सेवा प्रतियोगिताद्वारा | बढुवाद्वारा | |
|---|---|---|---|---|---|
| | | | | आन्तरिक प्रतियोगिताद्वारा | ज्येष्ठताद्वारा |
| (क) | चौथौ | १००% | - | - | - |
| (ख) | पाँचौ | ७०% | - | २०% | १०% |
| (ग) | छैठौं | - | - | - | १००% |
| (घ) | सातौं (चिकित्सक बाहेक) | ७०% | २०% | - | १०% |
| (ङ) | आठौं (चिकित्सक) | ८०% | १०% | १०% | - |
| (च) | नवौं | ३०% | २०% | १०% | ४०% |
| (छ) | दशौं | - | - | - | १००% |
| (ज) | एघारौ | १०% | २०% | - | ७०% |

नि-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(३) उपदफा (१) र (२) बमोजिमको आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सो पदमा बढुवाका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको सङ्घीय निजामती सेवा र कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा खटिएको सम्वन्धित सेवाको एक श्रेणी वा तह मुनीको पदमा दफा २७ को उपदफा (१) वा दफा १०६ को उपदफा (१) बमोजिमको सेवा अवधि पूरा गरेको निजामती कर्मचारी उम्मेदवार हुन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ङ) बमोजिम आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति हुने नेपाल स्वास्थ्य सेवाको आठौं (चिकित्सक) तहको पदमा सो पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका र नेपाल स्वास्थ्य सेवाको अधिकृत वा सहायक अधिकृत तहको पदमा कम्तीमा छ वर्ष सेवा अवधि पूरा गरेका निजामती कर्मचारी उम्मेदवार हुन सक्नेछन् ।

(५) उपदफा (१) र (२) बमोजिमको अन्तर सेवा प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको वा प्रदेश वा स्थानीय तहको सेवा गठन भई सो सम्बन्धी प्रचलित कानून बमोजिम लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्त भएको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको एक श्रेणी वा तह मुनीको पदमा कम्तीमा छ वर्ष सेवा अवधि पूरा गरेको र सम्वन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ ।

(६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर सेवा प्रतियोगिताद्वारा हुने पदपूर्तिका लागि छुट्याइएको सबै वा केही पदमा उपयुक्त उम्मेदवार नभई पदपूर्ति हुन नसक्ने भएमा त्यस्तो बाँकी पद सोही वर्ष जेष्ठताद्वारा बढुवा गरी पूर्ति गरिनेछ ।

(७) उपदफा (१) र (२) बमोजिम ज्येष्ठताद्वारा हुने बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह मुनिको पदमा बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र बढुवा हुने पदभन्दा एक श्रेणी वा तह मुनिको पदको लागि तोकिएको न्यूनतम योग्यता पूरा गरेका निजामती कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुनेछन् ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा खटिएका र बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि पूरा गरेका कर्मचारी निजामती सेवाको सम्वन्धित सेवा, समूह वा उपसमूह अन्तर्गतको एक श्रेणी वा तह माथीको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।



नि-सचिव

(९) उपदफा (१) को खण्ड (घ) बमोजिम आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र दफा २७ को उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा गरेको राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदमा कार्यरत निजामती कर्मचारीबाट प्रतिस्पर्धा गराई र जेष्ठताद्वारा बढुवा हुने पदमा दफा २७ को उपदफा (५) बमोजिमका कर्मचारीबाट बढुवा गरी पदपूर्ति गर्नु पर्नेछ । यसरी पदपूर्ति हुने पदबाहेक बाँकी रिक्त पद आवश्यक भएमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी राजपत्र अनंकित प्रथम श्रेणीमा स्तरवृद्धि गरिएको अवस्थामा बाहेक त्यस्तो रिक्त पद स्वतः खारेज भएको मानिनेछ ।

(१०) उपदफा (२) को खण्ड (च) र (ज) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति गरिने नेपाल स्वास्थ्य सेवाको नवौं र एघारौं तहको पदको लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य संस्थाको अधिकृतस्तरको पदमा नवौं तहको पदको लागि छ वर्ष र एघारौं तहको पदको लागि आठ वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

तर विद्यावारिधिस्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निलम्वन भएको कर्मचारी निलम्वन भएको अवधिभर र दफा ८७ बमोजिम विभागीय सजाय पाएको निजामती कर्मचारी दफा २९ को खण्ड (ख), (ग) वा (घ) बमोजिमको अवधिभर खुला वा अन्तर सेवा प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि समेत सम्भाव्य उम्मेदवार हुन सक्ने छैन ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि साविकको नेपाल विविध सेवा अन्तर्गतको राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पद र राजपत्र अनङ्कित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन ।

(१४) उपदफा (१) बमोजिमको राजपत्र अनङ्कित पाँचौं श्रेणीको पद रिक्त भएमा मुख्य कार्य गर्ने पदहरु बाहेक अन्य रिक्त पदमा स्थायी पदपूर्ति गरिने छैन ।

(१५) उपदफा (१३) र (१४) बमोजिमका पदबाट सम्पादन गरिने कार्य न्यूनतम पारिश्रमिक तोकी संस्था वा व्यक्तिसँग करार गरी सेवा करारबाट सम्पादन गराउनु पर्नेछ ।

(१६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सघ, प्रदेश तथा स्थानीय तहको राजपत्राकित प्रथम श्रेणी वा एघारौ तहभन्दा माथिको पदमा सघीय निजामती सेवाको कर्मचारीबाट पदपुर्ति गरिनेछ ।



नि-सचिव

(१७) नेपाल स्वास्थ्य सेवामा स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१८) निजामती सेवाको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. पदपूर्ति सम्बन्धी विशेष व्यवस्था : (१) दफा ८ को उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरुबीच मात्र र बाँकी पचास प्रतिशत पदमा उपदफा (३) बमोजिमको समूहका उम्मेदवारहरुबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम महिलाहरुबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका महिला उम्मेदवारहरुबीच देहाय अनुसार छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | |
|---|---|
| (क) खस आर्य | एकतीस प्रतिशत |
| (ख) आदिवासी जनजाति | बाइस प्रतिशत |
| (ग) मधेसी | बीस प्रतिशत |
| (घ) दलित | दश प्रतिशत |
| (ङ) थारु | पाँच प्रतिशत |
| (च) अपाङ्गता भएका व्यक्ति | पाँच प्रतिशत |
| (छ) पिछडिएको क्षेत्र | चार प्रतिशत |
| (ज) मुस्लिम | तीन प्रतिशत |

(३) उपदफा (२) बमोजिमको पद बाहेकको बाँकी पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका विपन्न पुरुष तथा महिला उम्मेदवारहरुबीच देहाय अनुसार छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ :-

| | |
|---|---|
| (क) आदिवासी जनजाति | बत्तीस प्रतिशत |
| (ख) मधेसी | सत्ताइस प्रतिशत |
| (ग) दलित | बाह्र प्रतिशत |
| (घ) खस आर्य | बाह्र प्रतिशत |
| (ङ) थारु | पाँच प्रतिशत |

नि-सचिव

(च) अपाङ्गता भएका व्यक्ति पाँच प्रतिशत

(छ) पिछडिएको क्षेत्र चार प्रतिशत

(ज) मुस्लिम तीन प्रतिशत

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा एक पटक मात्र लिन पाउनेछ । यो व्यवस्था प्रचलित कानून बमोजिम कुनै समूहको लागि छुट्याइएको पदको लागि प्रतिस्पर्धा गरी सिफारिस हुने कर्मचारीको हकमा समेत लागू हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिले उपदफा (२) वा (३) बमोजिमका एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने निजले त्यस्ता समूहहरु मध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र यस दफा बमोजिमको सुविधा लिन सक्नेछ ।

(६) उपदफा (२) र (३) बमोजिमको समूहको लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको हैसियतमा सो समूहबाट प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले बुझाउने दरखास्तको साथमा नेपाल सरकारले तोकेको मेडिकल बोर्डबाट प्राप्त तोकिएको स्तरको अपाङ्गताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

(८) उपदफा (२) वा (३) बमोजिम कुनै पनि समूहका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्युनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा त्यस्तो पद सोही वर्ष विज्ञापन गरिएका तत् तत् उपदफा अन्तर्गतका अन्य समूहको लागि भएको विज्ञापनमा लिखित परीक्षाबाट छनौट भई त्यस्तो समूहबाट सिफारिसमा पर्न नसकेका उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गरिनेछ ।

(९) उपदफा (२) र (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताङ्क (फ्रयाक्सन) आएमा त्यस्तो घताङ्क जुन समूहको हकमा घताङ्क आएको हो सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ ।

(१०) उपदफा (२) र (३) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ ।



नि-सचिव

१०. <u>लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने</u> : (१) खुला प्रतियोगिता, आन्तरिक प्रतियोगिता र अन्तर सेवा प्रतियोगिताद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।

(२) दफा ८ र ९ बमोजिम पदपूर्तिको लागि लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गरी विज्ञापन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पदसङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ ।

११. <u>पदपूर्तिका लागि माग गर्ने</u> : (१) निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण माथिल्लो निकाय समक्ष पठाउनु पर्नेछ ।

(२) यसरी रिक्त पदको जानकारी प्राप्त भएपछि माथिल्लो निकायले सरुवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्ने र नसकिने भए अधिकृतस्तरको पदको हकमा सेवा सञ्चालन गर्ने निकायमार्फत मन्त्रालयमा पठाउनुपर्नेछ । सहायक स्तरको पदको हकमा मागको आकृति फाराम भरी लोक सेवा आयोगमा पठाउन सम्बन्धित कार्यालयलाई निर्देशन दिनुपर्नेछ ।

(३) मन्त्रालयले रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा पुग्ने गरी पदपूर्तिका लागि माग पठाई सेवा सञ्चालन गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ ।

(४) मन्त्रालयले निजामती सेवाको पदपूर्तिका लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्नु पर्नेछ ।

(५) पदपूर्तिका लागि माग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. <u>पदपूर्तिमा बन्देज</u> : (१) निजामती सेवाको पदमा यस ऐनमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरी नियुक्ति गरिने छैन ।

(२) उपदफा (१) विपरीत नियुक्ति गरेमा त्यसरी नियुक्ति भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुल उपर गरिनेछ ।

१३. <u>ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने</u> : निजामती कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन ।

तर,

(१) नेपाल स्वास्थ्य सेवाको कुनै चिकित्सक वा स्वास्थ्यकर्मी अध्ययन वा असाधारण विदामा रहेको र तत्काल अर्को चिकित्सक वा स्वास्थ्यकर्मी सरुवा

नि-सचिव

वा काज खटाई सेवा सञ्चालन गर्न नसकिने भई स्वास्थ्य सेवा प्रवाह गर्न कठिनाइ परेमा नेपाल सरकारले त्यस्तो चिकित्सक वा स्वास्थ्यकर्मी बिदामा बसेको अवधिभरको लागि उक्त पदमा अन्य तवरले पदपूर्ति हुन नसकेमा योग्यता प्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीलाई करार सेवामा लिई काममा लगाउन सक्नेछ ।

(२) कम्प्युटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी, माली, प्लम्बर, इलेक्ट्रिसियन जस्ता पदहरुमा तोकिएबमोजिम करार सेवामा लिई काममा लगाउन सकिनेछ ।

(३) दफा ८ को उपदफा (१५) बमोजिम सहायक कार्य गर्ने भनी तोकिएका पदबाट सम्पादन गरिने कार्य सेवा करारबाट सम्पादन गराउनु पर्नेछ ।

१४. <u>नियुक्ति र पदस्थापन</u> : (१) निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी र प्रथम श्रेणी वा सो सरहको पदमा नेपाल सरकारले र राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी वा सो सरहको पदमा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले नियुक्ति गर्नेछ । यसरी गरिएको नियुक्तिको सूचना सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) निजामती सेवाको राजपत्र अनङ्कित वा सो सरहको पदमा विभागीय प्रमुख वा राजपत्राङ्कित वा सो सरहको कार्यालय प्रमुखले नियुक्ति गर्नेछ ।

(३) निजामती कर्मचारीको नियुक्ति र पदस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. <u>व्यक्तिगत विवरण</u> : (१) निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको एक महिनाभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण (सिटरोल) तयार गरी कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको पन्ध्र दिनभित्र प्रमाणित गरी आवश्यक कागजातसहित राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ ।

(३) राष्ट्रिय किताबखानाले व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी सम्बन्धित कर्मचारीलाई संकेत नम्बर उपलब्ध गराउनुपर्नेछ । त्यस्तो संकेत नम्बर त्यस्ता कर्मचारीको सरूवा, बढुवा लगायत पत्राचारमा प्रयोग गरिनेछ ।

(४) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।



नि-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(५) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ ।

१६. <u>उम्मेदवार हुनको लागि अयोग्यता</u> : देहायको व्यक्ति निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैन :-

(क) राजपत्र अनङ्कित वा सो सरहको पदमा अठार वर्ष उमेर पूरा नभएको,

(ख) राजपत्राङ्कित वा सो सरहको पदमा एक्काइस वर्ष उमेर पूरा नभएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भएको,

तर,

(१) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको निजामती सेवाको पदमा चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(२) निजामती सेवा तथा प्रदेश निजामती सेवाका स्थायी कर्मचारी तथा कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि स्थानीय सेवामा स्थायी नियुक्ति भएका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(३) नेपाल स्वास्थ्य सेवाको नवौं र एघारौं तहको पदमा पैंतालीस वर्ष र अन्य तहको पदमा चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) गैरनेपाली नागरिक,

(छ) भ्रष्टाचार, राष्ट्र विरुद्ध जासूसी, लागू औषध कारोबार, मानव बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ज) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

नि-सचिव

१७. <u>पदाधिकार र जिम्मेवारी</u> : (१) देहायको अवस्थामा निजामती कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछ :-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) विदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) कुनै पदमा कायम मुकायम भई काम गरेको अवधिभर,

(च) काजमा खटिएको अवधिभर,

(छ) नेपाल सरकारले अन्य कुनै आवधिक पदमा नियुक्त गरेको वा खटाएकोमा त्यस्तो अवधिभर ।

(२) देहायको अवस्थामा बाहेक कुनै निजामती कर्मचारीलाई जिम्मेवारी नदिई साठी दिनभन्दा बढी अवधिसम्म राख्न सकिने छैन :-

(क) लामो विदामा रहेकोमा,

(ख) निलम्वन भएकोमा,

(ग) पद र दरबन्दी फाजिलमा परेकोमा।

(३) उपदफा (२) विपरित कुनै निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारवाही हुनेछ ।

१८. <u>शपथ ग्रहण</u> : पहिलो पटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक निजामती कर्मचारीले तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ ।

१९. <u>परीक्षणकाल</u> : (१) निजामती सेवाको पदमा नियुक्ति गर्दा एक वर्ष परीक्षणकालमा रहने गरी गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ ।

(३) परीक्षणकालमा नियुक्ति बदर नगरिएका निजामती कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ ।

नि-सचिव

२०. मुख्य सचिव र सचिवको पदावधि : मुख्य सचिवको पदावधि तीन वर्ष र सचिवको पदावधि पाँच वर्षको हुनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि,-

(१) "मुख्य सचिव" भन्नाले नेपाल सरकारको मुख्य सचिव र सो सरहको विशिष्ट श्रेणीको पदमा रहेको निजामती कर्मचारी सम्झनु पर्छ ।

(२) "सचिव" भन्नाले खण्ड (१) मा उल्लिखित पद बाहेक विशिष्ट श्रेणीको जुनसुकै पदमा रहेको निजामती कर्मचारी सम्झनु पर्छ ।

२१. कायम मुकायम र निमित्त : (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा वहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा, बिदा स्वीकृत नगराई सात दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनका लागि समान श्रेणी वा तहको वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक श्रेणी वा तह मुनिको निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सोही पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन ।

(३) उपदफा (१) वा (२) विपरित कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा वापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ ।

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा निज मातहतको कार्यालयमा उपस्थित कर्मचारीमध्ये वरिष्ठतम् कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैंले गर्नु पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिकरुपमा सम्पादन गर्नुपर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ ।

नि-सचिव

## परिच्छेद-४

## सरुवा र काज

२२. सरुवा गर्ने अधिकार : (१) निजामती कर्मचारीलाई सरुवा गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

तर,

(१) एक मन्त्रालय वा सङ्घीय निकाय वा अन्तर्गतको विभाग वा कार्यालयको कर्मचारीलाई अर्को मन्त्रालय वा सङ्घीय निकाय वा अन्तर्गतको विभाग वा कार्यालयमा मन्त्रालयले सरुवा गर्नेछ ।

(२) नेपाल प्रशासन सेवा, लेखा समूहका कर्मचारीलाई महालेखा नियन्त्रक कार्यालयले सरुवा गर्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित विशिष्ट र प्रथम श्रेणीका कर्मचारीलाई नेपाल सरकारले सरुवा गर्नेछ ।

(३) निजामती कर्मचारीको सरुवा गर्दा "क" वर्गको कार्यालयमा न्यूनतम अवधि पुगेकोलाई पहिलो प्राथमिकता, "ख" वर्गको कार्यालयमा न्यूनतम अवधि पुगेकोलाई दोश्रो प्राथमिकता, "ग" वर्गको कार्यालयमा न्यूनतम अवधि पुगेकोलाई तेस्रो प्राथमिकता, "घ" वर्गको कार्यालयमध्ये उपत्यका बाहिरको कार्यालयमा न्यूनतम अवधि पुगेकोलाई चौथो र उपत्यका भित्रको कार्यालयमा न्यूनतम अवधि पुगेको कर्मचारीलाई अन्तिम प्राथमिकतामा राखी यथासम्भव कर्मचारीको रुचि वा चाहना बमोजिम सरुवा गरिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र श्रेणी वा तहका कर्मचारीहरुलाई पद भएका स्थानहरुमा वस्तुगत मापदण्ड बनाएर सरुवा गर्न सकिनेछ ।

(५) राजपत्राङ्कित विशिष्ट र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका निजामती कर्मचारीलाई सामान्यतयाः कम्तीमा एक वर्ष र सोभन्दा मुनिका कर्मचारीलाई दुई वर्ष पूरा नभई अर्को कार्यालयमा सरुवा गरिने छैन ।

तर, नेपाल परराष्ट्र सेवा अन्तर्गतका निजामती कर्मचारीहरुको सरुवा सम्बन्धी व्यवस्था सेवा समूह सम्बन्धी नियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा राजपत्रअनङ्कित कर्मचारीलाई सरुवा गर्ने अधिकार प्राप्त अधिकारीभन्दा एक श्रेणी वा तहमाथिको



नि-सचिव

अधिकारीको सहमति लिई र राजपत्राङ्कित कर्मचारीलाई मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिनेछ :-

(क) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै निजामती कर्मचारीलाई निज कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको पर्याप्त आधार र कारण भएमा,

(ग) निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत निजामती कर्मचारी फाजिलमा परेमा ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन विदामा रहेको वा स्वतः निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै विदामा रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामको लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नको लागि खटाईएको निजामती कर्मचारीको पदाधिकार रहेको मन्त्रालयको सहमति लिई सो अवधिभरको लागि विशेष पद सिर्जना गरी त्यस्तो पदको कर्मचारीको पदाधिकार केन्द्रीयस्तरको निकायमा सार्न सकिनेछ ।

(८) उपदफा (६) र (७) बमोजिम अवधि नपुग्दै कुनै कर्मचारीलाई सरुवा गर्नु परेमा वा सहमति माग गर्नु परेमा कुन कारणले सरुवा गर्नु परेको हो खुलाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम संघ, प्रदेश वा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीहरुको काज तथा सरुवा सम्बन्धी व्यवस्था सोही ऐन बमोजिम हुनेछ ।

(१०) यस दफा विपरित मन्त्रालयले गरेको सरुवा नेपाल सरकारले र अन्य निकाय वा अधिकारीले गरेको सरुवा मन्त्रालयले बदर गर्नेछ ।

(११) यस दफा विपरीत सरुवा गर्ने अधिकारीलाई सम्बन्धित अधिकारप्राप्त अधिकारीले विभागीय कारबाही गर्नेछ ।

(१२) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. <u>भौगोलिक क्षेत्रको वर्गीकरण</u> : यस ऐनको प्रयोजनको लागि नेपालको भौगोलिक क्षेत्रलाई तोकिए बमोजिम "क", "ख", "ग" र "घ" गरी चार वर्गमा वर्गीकरण गरिनेछ ।

नि-सचिव

२४. <u>काज सम्बन्धी व्यवस्था</u> : (१) निजामती कर्मचारीलाई सामान्यतयाः एउटा कार्यालयबाट अर्को कार्यालयमा काजमा खटाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीको विशिष्ट ज्ञान, सीप, योग्यता र अनुभवको उपयोग गर्न आवश्यक परेको अवस्थामा निज कार्यरत मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गतको कार्यालयमा एक आर्थिक वर्षमा बढीमा तीन महिनाको लागि मात्र काज खटाउन सकिनेछ ।

तर तालिमको लागि सोभन्दा बढी अवधिका लागि काज खटाउन सकिनेछ ।

(३) कुनै निजामती कर्मचारीलाई निजामती सेवाको पद नभएको निकाय वा नेपाल सरकारको आयोजनाका लागि स्वीकृत अस्थायी दरबन्दीमा काज खटाउँदा राजपत्र अनंकित वा सहायक स्तरका कर्मचारीको हकमा सम्बन्धित केन्द्रीय निकायको र राजपत्राङ्कित वा अधिकृत स्तरको हकमा मन्त्रालयको सहमति लिई बढीमा एक आर्थिक वर्षका लागि तोकिए बमोजिम खटाउन सकिनेछ ।

(४) निर्वाचन, लेखापरीक्षण, तथ्याङ्क सङ्कलन, नापी टोली, सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, विपद् व्यवस्थापन लगायतका काम र अस्थायी प्रकृतिका आयोग वा समितिको काम गर्न कुनै निजामती कर्मचारीलाई सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले बढीमा एक वर्षसम्म काज खटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत काजमा खटाउनु पर्ने भएमा काज खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मन्त्रालयले काज खटाउन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारीलाई विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काज खटाइने छैन ।

(७) कुनै मन्त्रालय, सचिवालय वा आयोगमा कार्यरत कर्मचारीको विशेषज्ञ सेवा अर्को मन्त्रालय, सचिवालय वा आयोगलाई आवश्यक परेमा माग गर्ने निकायको अनुरोध र पदाधिकार रहेको निकायको सहमतिमा मन्त्रालयले बढीमा तीन महिनाका लागि काज खटाउन सक्नेछ ।

(८) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन रमाना दिई पठाउनु पर्नेछ ।



नि-सचिव

कामको अवधिभन्दा बढी समय काज खटिएको निकायमा हाजिर गर्ने र हाजिर गराउने कर्मचारीलाई विभागीय कारवाही गरिनेछ ।

(९) यस दफा बमोजिम काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी गर्नु हुँदैन । त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा सम्वन्धित कार्यालय प्रमुख, लेखा प्रमुख र भुक्तानी दिने कर्मचारीबाट असूल उपर गरिनेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीलाई प्रदेश वा स्थानीय तहको माग बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान श्रेणी वा तहको मिल्दो रिक्त पदमा एक पटकमा बढीमा दुई वर्षको लागि खटिएको तहबाटै तलब भत्ता खाने गरी काज खटाउन सकिनेछ।

(११) यस दफा विपरित मन्त्रालयले खटाएको काज नेपाल सरकारले र अन्य निकाय वा अधिकारीले खटाएको काज मन्त्रालयले बदर गर्न सक्नेछ ।

(१२) यस दफा विपरीत काज खटाउने अधिकारीलाई विभागीय कारवाही हुनेछ ।

## परिच्छेद -५

## बढुवा

२५. बढुवा समिति : (१) प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक निजामती सेवाको राजपत्राङ्कित पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछन् :-

(क) मुख्य सचिव बाहेक राजपत्राङ्कित विशिष्ट, प्रथम र द्वितीय श्रेणीको पदका लागि,-

(१) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य - अध्यक्ष

(२) मुख्य सचिव - सदस्य

(३) मन्त्रालयको सचिव - सदस्य-सचिव

(ख) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदबाट राजपत्राङ्कित तृतीय श्रेणीको पदका लागि,-

(१) लोक सेवा आयोगको अध्यक्षले तोकेको लोक सेवा आयोगको सदस्य - अध्यक्ष

(२) मन्त्रालयको सचिव - सदस्य

(३) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयको सचिव वा
निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य-सचिव

(२) बढुवा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा र खण्ड (ख) बमोजिमको बढुवा समितिको सचिवालय सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयमा रहनेछ ।

(४) नेपाल स्वास्थ्य सेवाको अधिकृत तहको पदमा बढुवाको सिफारिश गर्नका लागि दफा १०५ बमोजिमको बढुवा समिति रहनेछ ।

(५) राजपत्र अनङ्कित पदमा बढुवाका लागि सिफारिस गर्न तोकिए बमोजिमको बढुवा समिति रहनेछ ।

(५) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि बढुवा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) बढुवा समितिले बढुवा सिफारिसको नामावली प्रकाशन गर्दा ज्येष्ठताद्वारा हुने बढुवाको लागि आवेदन गरेका सबै सम्भाव्य उम्मेदवारको योग्यताक्रम प्रकाशन गर्नु पर्नेछ ।

(७) बढुवा समितिले बढुवा आवेदन फाराम र आवश्यक कागजात प्राप्त गरेको मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ ।

२६. <u>राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा</u> : (१) मुख्य सचिव बाहेक निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवा गर्दा दफा २५ को उपदफा (१) को खण्ड (क) बमोजिमको बढुवा समितिको सिफारिसमा गरिनेछ ।

(२) राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा देहाय बमोजिम बढुवा गरिनेछ :-

(क) राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिवको पदमा,-

(१) बहालवाला राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीमध्येबाट नेपाल सरकारले ज्येष्ठता तथा कार्यदक्षताको आधारमा छनौट गरी बढुवा गर्नेछ ।

(२) यस खण्ड बमोजिमको बढुवाको लागि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा



नि-सचिव

खटिई जाने राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारी समेत सम्भाव्य उम्मेवार हुनेछ ।

(ख) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा,-

(१) रिक्त पदमध्ये बीस प्रतिशत पदमा दफा ३४ बमोजिम नकारात्मक सूचीमा नपरेका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा सबैभन्दा बढी सेवा अवधि भएका सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्नेछ ।

(२) रिक्त पदमध्ये असी प्रतिशत पदमा दफा ३४ बमोजिम नकारात्मक सूचीमा नपरेका सम्भाव्य उम्मेदवारहरुमध्ये बढुवा समितिले उपलब्ध भएसम्म रिक्त पदको दोब्बर सङ्ख्यामा उम्मेदवारको नाम सिफारिस गर्नेछ र यसरी सिफारिस भएका उम्मेदवारहरुमध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यदक्षताको आधारमा उपयुक्त उम्मेदवारलाई बढुवा गर्नेछ।

तर कुनै सेवामा दोब्बर सङ्ख्यामा सम्भाव्य उम्मेदवार नभएको अवस्थामा सोभन्दा कम सङ्ख्यामा उम्मेदवार सिफारिस गर्न बाधा पुगेको मानिने छैन ।

(३) उपखण्ड (१) र (२) बमोजिमको बढुवाको लागि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा खटिई जाने राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी समेत सम्भाव्य उम्मेवार हुनेछ ।

(३) उपदफा (२) बमोजिम राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा सम्भाव्य उम्मेदवार हुन राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीले नेपाल सरकारले तोकेको उच्च स्तरीय व्यवस्थापन तालीम समेत उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा, नेपाल लेखा परीक्षण सेवा र नेपाल स्वास्थ्य सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारी सम्बन्धित सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको पदमा मात्र बढुवा हुन सक्नेछन् र उल्लिखित सेवाहरुमा अन्य सेवाका कर्मचारीको बढुवा हुने छैन ।

नि-सचिव

(५) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा बढुवाको लागि उपदफा (२) को खण्ड (ख) को उपखण्ड (१) र (२) बमोजिम सिफारिस गर्नुपर्ने अवस्थामा पहिले उपखण्ड (१) बमोजिमको सिफारिस गरी त्यसपछि उपखण्ड (२) बमोजिमको सिफारिस गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम पदपूर्तिको लागि लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गर्नेछ ।

(७) राजपत्राङ्कित विशिष्ट श्रेणीको कुनै पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र बढुवा समितिले सिफारिस गर्नु पर्नेछ र नेपाल सरकारले त्यसरी सिफारिस भएको पन्ध्र दिनभित्र रिक्त पद पूर्ति गर्नु पर्नेछ ।

२७. <u>बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता</u> : (१) बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणी वा तहभन्दा एक श्रेणी वा तह मुनिको पदमा बढुवाको लागि दरखास्त आह्वान हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ :-

(क) राजपत्र अनङ्कित वा सहायकस्तरका पदको लागि चार वर्ष,

(ख) राजपत्राङ्कित वा अधिकृतस्तरका पदको लागि छ वर्ष ।

(२) उपदफा (१) बमोजिम बढुवाको लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणी वा तहभन्दा एक श्रेणी वा तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित विशिष्ट, प्रथम र द्वितीय श्रेणीको पदमा बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको तहको पदको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यता नभएको निजामती कर्मचारीलाई सो श्रेणी वा सो सरहको तहको पदमा बढुवा गरिने छैन ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८ को उपदफा (१) को खण्ड (घ) बमोजिम जेष्ठताको आधारमा बढुवा गरिने राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदको लागि राजपत्र अनङ्कित पाँचौ श्रेणीको पदमा कम्तीमा दश वर्ष सेवा अवधि पुरा गरेका र तोकिए



नि-सचिव

बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका तथा नकारात्मक सूचीमा नपरेका निजामती कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्ने छन् ।

(६) उपदफा (५) को प्रयोजनको लागि यो ऐन प्रारम्भ हुनु अघि श्रेणी विहीन पदमा काम गरेको अवधिलाई समेत राजपत्र अनङ्कित पाँचौं श्रेणीमा काम गरेको अवधिमा गणना गरिनेछ ।

२८. <u>बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने</u> : दफा २७ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(ङ) नेपाल स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर ।

२९. <u>बढुवा नियुक्तिको रोक्का</u> : (१) बढुवाका लागि सिफारिस भइसकेको कुनै निजामती कर्मचारीले बढुवा नियुक्ति नपाउँदै निलम्बन, बढुवा रोक्का, तलब वृद्धि रोक्का वा नसिहत पाएमा दफा २९ बमोजिमको अवधिभर निजको बढुवा नियुक्ति रोक्का गरी सो अवधि समाप्त भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा नियुक्ति रोक्का भएको निजामती कर्मचारीले लागेको आरोपबाट सफाई पाएमा वा निलम्बन अवधि समाप्त भएमा निजको बढुवा नियुक्ति रोक्का नभए सरह बढुवा भएको पदको ज्येष्ठता कायम गरिनेछ ।

३०. <u>ज्येष्ठताद्वारा हुने बढुवाको आधार</u> : (१) बढुवा समितिले ज्येष्ठताद्वारा हुने बढुवाको लागि सिफारिस गर्दा दफा २७ बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता भएको तथा दफा ३४ बमोजिम नकारात्मक सूचीमा नपरेको उम्मेदवारलाई जेष्ठताको आधारमा बढुवा सिफारिस गर्नेछ ।

(२) बढुवा समितिले उपदफा (१) बमोजिम हुने बढुवाको लागि सिफारिस गर्दा देहायको आधारमा जेष्ठता कायम गरी सिफारिस गर्नु पर्नेछ :-

नि-सचिव

(क) हाल बहाल रहेको श्रेणी वा तहको पदमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको श्रेणी वा तहभन्दा तल्लो श्रेणी वा तहको पदमा नियुक्ति वा बढुवा भएको मितिको आधारमा,

(ग) खण्ड (ख) बमोजिम समेत जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको श्रेणी वा तहको पदमा लोक सेवा आयोग वा बढुवा समितिले गरेको सिफारिसको योग्यताक्रमको आधारमा,

(घ) खण्ड (ग) बमोजिम समेत जेष्ठता नछुट्टिएमा हाल बहाल रहेको श्रेणी वा तहभन्दा तल्लो श्रेणी वा तहको पदमा लोक सेवा आयोग वा बढुवा समितिले गरेको सिफारिसको योग्यताक्रमको आधारमा,

(ङ) खण्ड (घ) बमोजिम समेत जेष्ठता नछुट्टिएमा उमेरको ज्येष्ठताको आधारमा ।

३१. कार्य सम्पादनको मूल्याङ्कन : (१) निजामती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन अर्धवार्षिक र वार्षिक रुपमा हुनेछ ।

(२) निजामती कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनका लागि एक श्रेणी वा तह माथिको सम्वन्धित कर्मचारी सुपरीवेक्षक र निजभन्दा एक श्रेणी वा तह माथिको सम्वन्धित कर्मचारी पुनरावलोकनकर्ता हुनेछ ।कार्यसम्पादन मूल्यांकन वापत सुपरिवेक्षक र पुनरावलोकनकर्ताले दिने अङ्कको विभाजन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम सुपरिवेक्षक र पुनरावलोकनकर्ताले कार्य सम्पादन वापत अङ्क दिँदा यस दफा र कार्य सम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरूप दिनु पर्नेछ ।

(४) सुपरीवेक्षकले उपदफा (३) बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्दा प्रत्येक वर्ष कार्यसम्पादन सम्झौता गरेका कर्मचारीको हकमा कार्यसम्पादन सम्झौताको प्रगति प्रतिवेदन समेतका आधारमा र कार्यसम्पादन सम्झौता नगरिएका कर्मचारीको हकमा तोकिएको सूचकका आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी सोको अभिलेख राख्नु पर्नेछ ।

(५) प्रत्येक निजामती कर्मचारीले कार्यसम्पादन मूल्याङ्कनको लागि तोकिए बमोजिमको फाराम भरी तोकिएको समयावधिभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ । त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सोको मनासिब कारण सहित म्याद थपको लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरिवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिब देखेमा तोकिएको समयावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ । त्यसरी म्याद थप गर्न पाइने अवधि



नि-सचिव

पछि सोही आर्थिक वर्षभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गर्न सकिनेछ र यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गर्दा सो मूल्याङ्कन फारामको कुल प्राप्ताङ्कबाट एक अङ्क घटाई गणना गरिनेछ ।

तर कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै निजामती कर्मचारी वैदेशिक तालीम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानु पर्ने अवस्था परेमा त्यसरी जानु भन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउन सकिनेछ । त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमा दर्ता भएको मानी मूल्याङ्कन गर्नु पर्नेछ ।

(६) निजामती कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

(७) उपदफा (१) बमोजिम अर्धवार्षिक कार्यसम्पादन मूल्यांकन गर्दा सो अवधि समाप्त भएको सात दिनभित्र सम्वन्धित कर्मचारीले निर्धारित कार्यहरु, सम्पादित कार्यहरु, कुनै कार्य सम्पन्न हुन नसकेको भए त्यस्तो सम्पन्न हुन नसकेको कार्यहरु र त्यसको कारणसहित उल्लेख गरी तोकिएको ढाँचामा दुइ प्रति फाराम भरी सुपरीवेक्षक समक्ष पेश गर्नुपर्नेछ । त्यसरी पेश भएको फाराम सुपरीवेक्षकले मूल्यांकन गरी पृष्टपोषण दिनुपर्ने कुरा फाराम निर्दिष्ट स्थानमा नै उल्लेख गरी अर्को सात दिन भित्र एक प्रति सम्वन्धित कर्मचारीलाइ फिर्ता दिनुपर्नेछ ।

(८) सुपरिवेक्षकले कार्य सम्पादन मूल्याङ्कन गर्दा मूल्याङ्कन गरिने कर्मचारीको मातहतमा कार्यरत कर्मचारीसँग आवश्यक सूचना संकलन गरी सो समेतको आधारमा मूल्याङ्कन गर्न सक्नेछ।

(९) प्रत्येक वर्ष गरिने वार्षिक कार्यसम्पादन मूल्याङ्कन पुनरावलोकनकर्तावाट भैसकेपछि सम्वन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा सम्वन्धित कार्यालयले जानकारी दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम जानकारी लिए पछि सुपरीवेक्षकले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र पुनरावलोकनकर्ता समक्ष उजूरी गर्न सक्नेछ । त्यसरी उजूरी गरेकोमा त्यस्तो अधिकारीले उजूरी उपर सम्बन्धित सुपरीवेक्षकसँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ ।

(११) उपदफा (९) बमोजिम जानकारी लिएपछी पुनरावलोकनकर्ताले गरेको मूल्यांकनमा चित्त नबुझ्ने रा.प. अनं वा सो सरहको कर्मचारीले विभागीय प्रमुख समक्ष, रा.प. तृ. वा सो

नि-सचिव

सरहको कर्मचारीले सचिव समक्ष र रा.प. द्वि. वा सो सरह र सो भन्दा माथिको कर्मचारीले मुख्यसचिव समक्ष उजुरी गर्न सक्नेछ। त्यस्तो उजुरी गरेकोमा उजुरी सुन्ने अधिकारीले सम्वन्धित सुपरीवेक्षक एवं पुनरावलोकनकर्ता संग परामर्श गरी आवश्यक छानवीन गर्नेछ र त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ ।

(१२) वार्षिक रूपमा गरिने कार्य सम्पादन मूल्याङ्कन बापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले पन्चानब्बे प्रतिशतभन्दा बढी वा अस्सी प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्छ र अस्सी प्रतिशत भन्दा कम अङ्क दिएकोमा सम्वन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(१३) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाव गरिनेछ ।

तर,

(१) अध्ययन वा तालीममा गएको वा निलम्वन भई निलम्वन फुकुवा भएकोमा अध्ययन वा तालीममा गएको वा निलम्बन भएको अवधिको कार्यसम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालीममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ ।

(२) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारीको हिसाव गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन । असाधारण विदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण विदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरुका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गरिनेछ ।

(१४) कार्यसम्पादन मूल्याङ्कन गर्ने पदाधिकारीले मूल्यांकन गर्ने कर्मचारीको जिम्मेवारी हेरी आवश्यकता अनुसार सेवाग्राहीसंग पृष्टपोषण लिइ सो समेतको आधारमा मूल्यांकन गर्न सक्नेछ।

(१५) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

नि-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

३२. <u>शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन</u> : (१) निजामती कर्मचारीले बढुवाको दरखास्तसँगै शैक्षिक योग्यता र सेवाकालिन तालिम वापतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(२) निजामती कर्मचारीले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेश गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(३) निजामती कर्मचारीले बढुवाको प्रयोजनको लागि दरखास्तसँग पेश गरेको सेवाकालिन तालिमको सम्बन्धमा कुनै द्विविधा भएमा उपदफा (२) बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ ।

३३. <u>व्यक्तिगत विवरण पठाउने</u> : बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेका निजामती कर्मचारीले सरकारी काम वा अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा प्राकृतिक वा आकस्मिक विपत्ति वा काबू बाहिरको परिस्थिति परी दरखास्त फाराम पेश गर्न नसकेमा बढुवा सूचनाको म्यादभित्र सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको विवरण बढुवा सूचना प्रकाशन गर्ने कार्यालयमा पठाएमा त्यस्तो विवरणलाई आधार मानी बढुवा समितिले बढुवाको कारबाही टुङ्गो लगाउनेछ ।

३४. <u>नकारात्मक सूची</u> : (१) ज्येष्ठताद्वारा हुने बढुवा प्रयोजनका लागि देहायको अवस्थामा निजामती कर्मचारी नकारात्मक सूचीमा परेको मानिनेछ :-

(क) दफा २७ बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता नपुगेको,

(ख) दफा २८ बमोजिम उम्मेदवार हुन अयोग्य भएको,

(ग) कार्यसम्पादन मूल्याङ्कनमा औसतमा ८० (असी) प्रतिशतभन्दा कम अङ्क प्राप्त गरेको, र

(घ) हाल बहाल रहेको श्रेणी वा तहको पदमा कम्तीमा तीस कार्यदिनको सेवाकालिन तालिम नलिएको ।

(२) नेपाल स्वास्थ्य सेवाको हकमा उपदफा (१) को खण्ड (घ) बमोजिमको योग्यता बढुवा हुने तहको पद अनुसार तोकिए बमोजिम हुनेछ ।

(३) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा निजलाई विभागीय कारबाही गरिनेछ ।

नि-सचिव

(४) उपदफा (३) बमोजिमको झुट्टा विवरणको आधारमा कुनै निजामती कर्मचारीको बढुवा भएको भएमा निजको बढुवा रद्द हुनेछ ।

३५. <u>बढुवा मिति र बढुवा नियुक्ति</u> : (१) दफा २६ को उपदफा (७) बमोजिम बढुवा नतिजा प्रकाशन भए पछि बढुवा उजूरीको प्रयोजनको लागि सो नतिजा प्रकाशन भएको मितिबाट तीस दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ । त्यस्तो बढुवा सिफारिस उपर उजूरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले सोह्रौं दिनको मितिबाट बढुवा हुने श्रेणी वा तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिस उपर उजूर परेमा देहाय अनुसार ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछ :-

(क) दफा ३७ को उपदफा (२) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि,

(ख) उजूरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक बढुवा नतिजा प्रकाशन भएको मितिले सोह्रौं दिनदेखि, र

(ग) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि ।

३६. <u>बढुवाको उजूरी</u> : (१) बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र लोक सेवा आयोगमा उजूरी दिन सक्नेछ र त्यसरी परेको उजूरीमा उजूरी गर्ने म्याद समाप्त भएको मितिले तीस दिनभित्र टुङ्गो लगाइनेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजूरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा लोक सेवा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ ।

(३) बढुवाको उजूरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३७. <u>बढुवा सम्बन्धी विशेष व्यवस्था</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा ८ वर्ष, राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा १० वर्ष र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको पदमा १२ वर्ष काम गरिसकेको निजामती कर्मचारीलाई दफा ५१ बमोजिम अवकाश हुने भएमा निजलाई साविकको श्रेणी वा तहको पदभन्दा माथिल्लो पदमा बढुवा गरी अवकाश दिइनेछ ।



नि-सचिव

(२) उपदफा (१) बमोजिम बढुवा गर्नका लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो कर्मचारी अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ ।

(३) एउटै पदमा उपदफा (१) बमोजिमको अवधि पूरा भएको कुनै निजामती कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई साविकको श्रेणी वा तहको पदभन्दा माथिल्लो पदको निवृत्तभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ ।

३८. <u>बढुवाको शर्तमा परिवर्तन</u> : दफा २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६ र ३७ वा सो अन्तर्गत बनेका नियमहरुमा भएको संशोधन एक वर्ष पछिको मितिदेखि मात्र लागू हुनेछ ।

३९. <u>राजपत्र अनङ्कित पाँचौ श्रेणीका कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्था</u> : (१) राजपत्र अनङ्कित पाँचौ श्रेणीको पदको स्तर देहाय बमोजिम हुनेछ :-

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौस्तर

(२) राजपत्र अनङ्कित पाँचौ श्रेणीको पदमा शुरु नियुक्ति हुने निजामती कर्मचारीको प्रथमस्तर कायम हुनेछ ।

(३) अख्तियारवालाले राजपत्र अनङ्कित पाँचौ श्रेणीको निजामती कर्मचारीको देहाय बमोजिम स्तरवृद्धि गर्नेछ :-

(क) पाँच वर्ष वा सोभन्दा बढी तर दश वर्षभन्दा कम सेवा अवधि भएकोलाई द्वितीयस्तर,

(ख) दश वर्ष वा सोभन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवा अवधि भएकोलाई तृतीयस्तर,

(ग) पन्ध्र वर्ष वा सोभन्दा बढी तर बीस वर्षभन्दा कम सेवा अवधि भएकोलाई चतुर्थस्तर,

(घ) बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएकोलाई पाँचौस्तर ।

नि-सचिव

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २८ को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको अवधिभर स्तरवृद्धि हुनेछैन ।

(५) उपदफा (३) को स्तर बमोजिमको तलबमान नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(६) यो ऐन प्रारम्भ हुनु अघि श्रेणीविहिन पदमा बहाल रहेको कर्मचारी यो ऐन प्रारम्भ भए पछि उपदफा (३) बमोजिमको राजपत्र अनङ्कित पाँचौं श्रेणीको सोही स्तरमा कायम रहनेछ ।

(७) स्तरवृद्धि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. <u>सेवा, समूह वा उपसमूह परिवर्तन र स्थानान्तरण सम्बन्धी व्यवस्था</u> : (१) कुनै सेवा, समूह वा उपसमूहमा बहाल रहेको निजामती कर्मचारीलाई अति आवश्यक अवस्थामा बाहेक अर्को सेवा, समूह वा उपसमूह परिवर्तन गर्न पाइने छैन ।

*<u>स्पष्टीकरण</u> : "आवश्यक अवस्था" भन्नाले पद तथा संगठन खारेज भई कर्मचारी फाजिल पर्ने अवस्था भएमा कुनै सेवा, समूह वा उपसमूह खारेज वा परिवर्तन भएमा वा अन्य कुनै संगठनात्मक आवश्यकताको अवस्था भन्ने बुझिनेछ ।*

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सेवा, समूह वा उपसमूहको कुनै पद लगातार दुई वर्षसम्म पूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पूर्ति गर्नु पर्ने भएमा नेपाल सरकारले सहमति माग गरी लोक सेवा आयोगमा पठाउनु पर्नेछ ।

(३) यसरी प्राप्त भएको माग बमोजिम लोक सेवा आयोगले प्रकाशन गरेको विज्ञापनमा सम्बन्धित सेवा, समूह वा उपसमूह र पदको लागि निर्धारण गरिएको न्युनतम शैक्षिक योग्यता भएका सङ्घीय निजामती सेवा र प्रदेश निजामती सेवाका समान श्रेणी वा तहको पदमा बहाल रहेका कर्मचारीहरु सहभागी हुन सक्नेछन् र यसरी हुने प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका कर्मचारीलाई नेपाल सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल स्वास्थ्य सेवामा बहाल रहेको कुनै कर्मचारीलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा त्यस्तो कर्मचारी अध्ययन पूरा गरी सेवामा हाजिर भएपछि लोक सेवा आयोगको परामर्शमा निजको विशेष योग्यतासँग सम्बन्धित समूह वा उपसमूहमा परिवर्तन गरिदिनु पर्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा दरबन्दी



नि-सचिव

स्वीकृत हुँदा निजामती सेवामा रहेका साविकका कुनै सेवा, समूह वा उपसमूहका कुनै पदको दरबन्दी कायम नभएमा वा हाल बहाल रहेका कर्मचारीको संख्या भन्दा कम संख्यामा दरबन्दी कायम भई सबै कर्मचारीको दरबन्दी मिलान गर्न नसकिने भएमा प्रदेश र स्थानीय तहको मिल्दो अन्य सेवाको समानस्तरको पदमा खटाउन सकिनेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (५) बमोजिम खटिएको कर्मचारीले प्रदेश र स्थानीय सेवा गठन हुँदा त्यस्तो सेवाको पदमा समायोजन हुन चाहेमा निजलाई तत्काल कायम रहेको पारिश्रमिक तथा सुविधा प्रतिकूल असर नपर्ने गरी सम्बन्धित प्रदेश वा स्थानीय सेवाको त्यस्तो पदमा समायोजन गरिनेछ ।

(७) उपदफा (५) बमोजिम खटिएको कर्मचारी उपदफा (६) बमोजिम सम्बन्धित प्रदेश वा स्थानीय सेवाको पदमा समायोजन हुन नचाहेमा त्यस्तो कर्मचारीलाई तोकिएको सुविधा दिई अवकाश दिन र त्यसरी अवकाश नभएसम्मको लागि निजामती सेवाको समानस्तरको कुनै पदको कामकाज गर्न खटाउन सकिनेछ ।

## परिच्छेद-७

## तलब, भत्ता र अन्य सुविधा

४१. तलब, भत्ता : (१) निजामती कर्मचारीले हाजिर भएको दिनदेखि तलब, भत्ता पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा राष्ट्रिय किताबखानाबाट र अन्य जिल्लामा रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन ।

(३) उपदफा (२) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो निजामती कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ ।

(४) प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ ।

(५) कुनै निजामती कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रुपमा जनाई अभिलेख राख्नु पर्नेछ ।

(६) यो ऐन लागू भएपछि नेपाल सरकारले कर्मचारीलाई तलबको निश्चित प्रतिशत रकम महँगी भत्ताको रुपमा उपलब्ध गराउनेछ ।

४२. पकाएको तलब भत्ता पाउने : (१) निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ ।

(२) निजामती कर्मचारी जुनसुकै तरिकाले निजामती सेवामा नरहे पनि पकाएको तलब र भत्ता पाउनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि निजामती कर्मचारीको तलब वा भत्ता कट्टा गरिने छैन ।

४३. निलम्बन भएमा पाउने तलब : (१) कुनै निजामती कर्मचारी सरकारी कामको सम्बन्धमा वा नेपाल सरकारको तर्फबाट भएको कारबाहीको फलस्वरुप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ ।

तर निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै निजामती कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन।

४४. चाडपर्व खर्च : (१) निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रुपमा पाउनेछ ।

(२) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त कर्मचारी वा निजको पारिवारिक निवृत्तभरण पाउने व्यक्तिले निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रुपमा पाउनेछ ।

नि–सचिव

४५. कर्मचारी सञ्चय कोष : निजामती कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरि दिनेछ ।

४६. सावधिक जीवन बीमा : (१) नेपाल सरकारले निजामती कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमाको व्यवस्थापन गर्न एक सावधिक जीवन बीमा कोषको स्थापना गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम स्थापित कोष मार्फत सावधिक जीवन बीमाको व्यवस्थापन गर्न सकिनेछ ।

(४) सावधिक जीवन बीमा र सावधिक जीवन बीमा कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. उपचार खर्च : (१) निजामती कर्मचारीले सेवा अवधिभरमा राजपत्राङ्कित वा सो सरहको कर्मचारी भए सोह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी वा सो सरहको तलब पाउने राजपत्र अनङ्कित पाँचौं श्रेणीको कर्मचारी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी भए एक्काइस महिना बराबरको खाइपाई आएको तलब रकम बराबरको रकम उपचार खर्च पाउनेछ ।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट निजामती कर्मचारी सेवाबाट अलग हुँदा यस नियम बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।

तर बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भई निवृत्तभरण पाउने गरी सेवाबाट अलग भएको निजामती कर्मचारीले उपचार खर्च बापत लिन बाँकी रकममा क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(३) दश वर्ष सेवा अवधि नपुगेको कुनै निजामती कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिँदा यस दफामा तोकिएको रकमलाई दश वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(४) नेपाल सरकारले निजामती कर्मचारीको उपचारको निमित्त स्वास्थ्य बिमा लागू गरी यस दफा बमोजिम पाउने उपचार खर्च पुनरावलोकन गर्न सक्नेछ ।

नि-सचिव

(५) उपचार खर्च सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. <u>विशेष आर्थिक सुविधा</u> : कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई खाइपाई आएको बाह्र महिनाको तलब बराबरको रकम एकमुष्ट विशेष आर्थिक सुविधा प्रदान गरिनेछ।

४९. <u>तलबको उल्लेख</u> : (१) यस ऐनमा जहाँ जहाँ तलबको उल्लेख भएको छ, त्यसले सम्बन्धित निजामती कर्मचारीको तत्कालको तलब रकम (तलब वृद्धि समेत) लाई जनाउँछ ।

(२) दफा ५५ र ५६ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले सम्बन्धित निजामती कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै निजामती कर्मचारी असाधारण विदा वा निलम्बन रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ ।

५०. <u>तलब तथा सुविधा पुनरावलोकन समिति</u> : (१) निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्न देहाय बमोजिमको समिति रहनेछ :-

(क) नेपाल सरकारको मुख्य सचिव – अध्यक्ष

(ख) सचिव, नेपाल सरकारको अर्थ मन्त्रालय – सदस्य

(ग) सचिव, मन्त्रालय – सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा विषयसँग सम्बन्धित विज्ञ, पदाधिकारी वा निजामती कर्मचारी यूनियनको अध्यक्षलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महङ्गी भत्ता निर्धारण गरी सिफारिस गर्नेछ र सोही आधारमा नेपाल सरकारले निजामती कर्मचारीलाई महङ्गी भत्ता उपलब्ध गराउनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले प्रत्येक दुई वर्षमा राजस्व वृद्धिदर, कूल दरबन्दी सङ्ख्या र विगतमा मूल्य सूचीको आधारमा प्रदान गरिएको महङ्गी भत्ता समेतलाई आधार बनाई तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गरी सिफारिस गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको समितिले उपदफा (४) बमोजिम तलब भत्ता तथा अन्य सुविधाको पुनरावलोकन गरी सिफारिस गर्दा नेपाल सरकारको आर्थिक स्रोत र क्षमताको आधारमा गर्नेछ ।

(६) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।



नि–सचिव

(७) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(८) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

## परिच्छेद-७

## अवकाश, उपदान र निवृत्तभरण

५१. अनिवार्य अवकाश : (१) अन्ठाउन्न वर्ष उमेर पूरा भएको निजामती कर्मचारीले निजामती सेवाबाट स्वतः अवकाश पाउनेछ ।

तर नेपाल स्वास्थ्य सेवा अन्तर्गतका कर्मचारीको हकमा अनिवार्य अवकाशको उमेर साठी वर्ष हुनेछ ।

(२) दफा २० र १०७ मा उल्लेख भएको पदावधिको सम्बन्धमा सोही बमोजिम हुनेछ ।

५२. उमेर गणना : (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनको लागि निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर मध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ ।

(२) कुनै निजामती कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्म मिति कायम गरिनेछ :-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरणको हकमा शुरु नियुक्ति भएको मितिको आधारमा।

(३) निजामती कर्मचारीले पेश गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरुको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्ममिति कायम गरी उमेर गणना गरिनेछ ।

नि-सचिव

(४) उपदफा (३) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्ममितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्म मिति कायम गरी निजको उमेर गणना गरिनेछ ।

५३. असमर्थ कर्मचारी सम्बन्धी विशेष व्यवस्था : कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रुपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा नेपाल सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

५४. स्वेच्छिक अवकाश : (१) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका निजामती कर्मचारीले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीमध्ये नेपाल स्वास्थ्य सेवाका कर्मचारी र संवत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघि निजामती सेवामा प्रवेश गर्ने अन्य सेवाका निजामती कर्मचारीको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी र अन्य निजामती कर्मचारीको हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा नेपाल सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै शर्त र सुविधा तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकाशका लागि निवेदन माग गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने अवस्था भएको, उमेरको हद पचास वर्ष पुगेको र कार्यरत पदमा बाह्र वर्ष सेवा अवधि पूरा गरेको निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक श्रेणी वा तहमाथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ ।

५५. उपदान : पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

नि-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

५६. <u>निवृत्तभरण</u> : (१) बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको निजामती कर्मचारीले देहाय बमोजिम मासिक निवृत्तभरण पाउनेछ :-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु स्केलभन्दा बढी हुने छैन ।

(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै निजामती कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्ष अवधिसम्म थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।

(४) कुनै सरकारी पदमा अघि गरेको सेवा बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि निजामती सेवाको पदमा नियुक्ति भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तभरण लिन पाउनेछ ।

(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि निजामती सेवाको कुनै स्थायी पदमा नियुक्ति भई कामकाज गरेको कर्मचारी कुनै कारणबाट सेवाबाट अलग भई पुनः निजामती सेवामा नियुक्त भएको भएमा निजले सो टुटेको अवधि भरको निवृत्तिभरण प्रयोजनका लागि सेवा अवधि जोड्न छ महिनाभित्र निवेदन दिएमा एक पटकलाई त्यस्तो सेवा अवधिको शतप्रतिशत सेवा अवधि गणना गरिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाइरहेको निजामती कर्मचारीले अन्य मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमति लिएको प्रमाणित भएमा त्यस्तो कर्मचारीले निवृत्तभरण पाउने छैन ।

नि-सचिव

५७. <u>निवृत्तभरणमा वृद्धि</u> : बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदका सेवा निवृत्त निजामती कर्मचारीको निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

५८. <u>पारिवारिक निवृत्तभरण र उपदान</u> : (१) कुनै निजामती कर्मचारीको सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई दफा ५५ वा ५६ मा लेखिए बमोजिम उपदान तथा निवृत्तभरण प्राप्त हुनेछ ।

तर निवृत्तभरणको हकमा यस्तो निवृत्तभरण सात वर्ष भन्दा बढी समय प्राप्त हुने छैन । निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएका निजामती कर्मचारीको परिवारलाई सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नाबालिग रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपदफा (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्तभरण नपाउने भएमा वा निजको पति वा पत्नीले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।

तर त्यस्तो विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण सुविधा पाउने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीको निवृत्तभरण पाइरहेको विधुर पति वा विधवा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निजामती कर्मचारीको छोरा छोरीले एक्काइस वर्ष उमेर पुरा नभएसम्म त्यस्तो निवृत्तभरण रकम तोकिए बमोजिम पाउनेछ ।

(५) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (२) र (३) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ ।

(६) कुनै निजामती कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्यहरुमध्ये यस ऐन बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।



नि-सचिव

(७) निवृत्तभरण वा उपदान दिँदा मृत निजामती कर्मचारीले आफ्नो परिवारको सदस्य मध्येमा वा आफ्नो नाबालिग भाई वा अविवाहिता दिदी बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि नइच्छाएको भएमा क्रमश: त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोरा छोरी, बाबु आमा, बाजे बज्यै, सासु ससुरा र तोकिए बमोजिमका अन्य हकवालालाई दिइनेछ ।

५९. सुविधा दाबी गर्नु पर्ने : (१) सेवा निवृत्त हुने निजामती कर्मचारी वा निजको परिवारका सदस्यले सेवा निवृत्त भएको मितिले पाँच वर्षभित्र सम्बन्धित कार्यालय मार्फत नियमानुसार पाउने निवृत्तभरण, उपदान लगायतका सुविधा लिनका लागि निवेदन दर्ता गराइसक्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुनु अघि सेवा निवृत्त भएका कर्मचारीको हकमा यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्षभित्र निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन बमोजिम सुविधा दिने कार्यालयले राष्ट्रिय किताबखानाबाट सुविधा निर्धारण भएका मितिले छ महिनाभित्र सुविधा भुक्तानी दिनु पर्नेछ ।

६०. बेपत्ता भएको कर्मचारीको निवृत्तभरण र उपदान : (१) निजामती सेवामा रही काम गरेको कुनै कर्मचारी हराई बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ५५ वा ५६ बमोजिम पाउने उपदान वा निवृत्तभरणको रकम दफा ५८ बमोजिम निजको परिवारलाई दिइनेछ ।

(२) बेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ५५ बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ५६ बमोजिम पाउने निवृत्तभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिई सकेको पारिवारिक निवृत्तभरण वा उपदान रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन ।

६१. पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा कुनै निजामती कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बीस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई यस ऐन बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्राप्त गर्ने व्यक्तिले दफा ५८ बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने छैन ।



नि-सचिव

(३) यस दफा बमोजिम निवृत्तभरण पाउने व्यक्तिले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण पाउने छैन ।

(४) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस दफा अनुसार निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तभरण रकममा पनि वृद्धि हुनेछ ।

(५) यस दफा बमोजिम निवृत्तभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तभरणको रकम मृतक कर्मचारीको छोरा छोरी भए त्यस्ता छोरा छोरीले एक्काइस वर्ष उमेर पुरा नभएसम्म तोकिए बमोजिम पाउनेछन् ।

६२. <u>योगदानमा आधारित निवृत्तभरण</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०७५ साल साउन १ गते देखि नियुक्ति हुने निजामती कर्मचारीले योगदानमा आधारित निवृत्तभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघिदेखि नै निजामती सेवामा बहाल रहेको कर्मचारी खुला प्रतियोगितामा छनौट भई निरन्तर सेवामा रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

(३) यस दफा बमोजिम दिइने निवृत्तभरण प्रचलित कानून बमोजिम स्थापना भएको निवृत्तभरण कोषबाट व्येहोरिनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमा आधारित निवृत्तभरण पाउने निजामती कर्मचारीले दफा ५४, ५५, ५६, ५७, ५८, ५९ र ६१ बमोजिमका सुविधा पाउने छैन ।

## परिच्छेद-९

## <u>तालिम, अध्ययन र छात्रवृत्ति</u>

६३. <u>तालिम सम्बन्धी व्यवस्था</u> : (१) नेपाल सरकारले निजामती कर्मचारीको सीप र क्षमता वृद्धिको लागि आवश्यकता अनुसार तालिम दिने व्यवस्था गर्न सक्नेछ ।

(२) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६४. <u>तालिम, अध्ययन वा अध्ययन भ्रमण</u> : (१) सम्बन्धित मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउनका लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि,-



नि-सचिव

(१) "तालीम" भन्नाले अध्ययन बाहेक कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ ।

(२) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर, विद्यावारिधि वा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ ।

(३) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालीम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि विषयगत आधारमा सङ्ख्या किटान गरी त्यसको विवरण मन्त्रालयले उपदफा (३) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ।

(३) नेपाल सरकारको जुनसुकै निकायमा प्राप्त भएका तालिम, अध्ययन वा अध्ययन भ्रमणको बाँडफाँट गर्न देहाय बमोजिमको समिति रहनेछ :-

(क) नेपाल सरकारको मुख्य सचिव – अध्यक्ष

(ख) सचिव, नेपाल सरकारको अर्थ मन्त्रालय – सदस्य

(ग) सचिव, मन्त्रालय – सदस्य

(घ) सहसचिव, तालिमसँग सम्बन्धित महाशाखा, मन्त्रालय –सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको समितिले वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्ने सम्वन्धमा मापदण्ड वनाई सो वमोजिम तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका निजामती कर्मचारी, प्रदेशका निजामती कर्मचारी, स्थानीय सेवाका कर्मचारी एवं अन्य सङ्घीय सरकारी सेवाका कर्मचारीबीच न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ ।

(६) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई वैदेशिक तालिम, अध्ययन र अध्ययन भ्रमणमा पठाउन पाइने छैन । कसैले सो समितिको स्वीकृति नलिई कुनै निजामती कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय कारवाही गरिनेछ ।

नि-सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६४ को उपदफा (३) बमोजिमको समितिबाट भएको निर्णय बमोजिम दरखास्त दिई अध्ययनको अवसर पाएका बाहेक निजी प्रयासमा अध्ययन गर्न जाने निजामती कर्मचारीलाई तलबी अध्ययन विदा दिइने छैन ।

(८) तालिम, अध्ययन वा अध्ययन भ्रमण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६५. तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधि : नेपाल सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रुपले सेवा गर्नु पर्नेछ ।

६६. कबुलियत गर्नुपर्ने : (१) कुनै निजामती कर्मचारीले सरकारी मनोनयनमा तालीम, अध्ययन वा अध्ययन भ्रमणमा जानु अघि दफा ६५ बमोजिमको सेवा गर्ने गरी तोकिए बमोजिम कबुलियत गर्नु पर्नेछ ।

(२) तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको निजामती कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणको लागि मनोनयन गरिने छैन ।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट तालीम, अध्ययन वा अध्ययन भ्रमणमा जाँदा कबुलियत गरेको अवधिको आखिरी तलब तथा भत्ता रकमको दोब्बर रकम असुल उपर गरिनेछ ।

(४) अख्तियारवालाको पूर्व स्वीकृति लिई निजी प्रयासमा बेतलबी अध्ययन विदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन विदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालीम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(६) उपदफा (२) बमोजिम रकम असुल उपर गर्दा सम्वन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नु पर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

नि-सचिव

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालीम, अध्ययन वा अध्ययन भ्रमणमा गएको कर्मचारी अनिवार्य अवकाश भएको वा दफा ५१ बमोजिम अवकाश भएको वा मृत्यु भएको कारणले दफा ६५ बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुल उपर गरिने छैन ।

(८) तालीम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो तालीम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ ।

## परिच्छेद-९

## आचरण

६७. समयपालना र नियमितता : निजामती कर्मचारीले नेपाल सरकारबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नु पर्नेछ र सकेसम्म पहिले विदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन ।

६८. अनुशासन र आदेश पालना : निजामती कर्मचारीले देहाय अनुसारको अनुशासन र आदेश पालना गर्नु पर्नेछ :-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परता साथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नुपर्ने,

(ग) आफूभन्दा माथिका सबै कर्मचारीहरु प्रति उचित आदर देखाउनु पर्ने र आफु मातहतका कर्मचारीहरु प्रति उचित व्यवहार गर्नुपर्ने,

(घ) उच्छृङ्खल र अराजक गतिविधि गर्न नहुने, र

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मुल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने ।

७९. राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने : कुनै निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।



नि-सचिव

७०. राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने : निजामती कर्मचारीले राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिन हुँदैन ।

७१. सरकारको आलोचना गर्न नहुने : (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

७२. सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्ध : (१) कुनै निजामती कर्मचारीले नेपाल सरकारद्वारा अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू रहनेछ ।

(२) उपदफा (१) विपरीत सरकारी सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिनेछ ।

७३. दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध : (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले नेपाल सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन ।

(२) निजामती कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

नि-सचिव

तर कुनै द्विपक्षीय वा बहुपक्षीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य कुनै सरकारी निकायबाट कुनै कार्यक्रमको अन्त्यमा औपचारिक रुपमा प्रदान गरिने मायाको चिनो स्वीकार गर्न बाधा पर्ने छैन ।

७४. कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने : निजामती कर्मचारीले नेपाल सरकारको स्वीकृति विना कुनै बैंक, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन ।

७५. अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने : (१) निजामती कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीले नेपाल सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुद सम्बन्धी कार्य गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैन :-

(क) प्रचलित कानून बमोजिम अध्ययन विदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई नेपाल सरकारको नीति विपरित नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) अख्तियारवालाको पूर्वस्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) राष्ट्रिय वा अन्तराष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघसंस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तराष्ट्रिय संघसंस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुने देखी



नि-सचिव

अख्तियारवालाले विदा वा काज स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(च) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र नेपाल सरकारको अहित नहुने गरी आफ्नो गैरराजनीतिक पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन ।

स्पष्टीकरण : यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परा देखि समुदायमा आधारित भई समाजमा क्रियाशिल रहेका सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, संगीत, विज्ञान, धर्म वा अन्य यस्तै कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको कर्मचारीले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन ।

(५) निजामती सेवाको विशिष्ट र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले नेपाल सरकारको पूर्वस्वीकृति विना सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैन :-

(क) संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको राजनीतिक नियुक्ति लिन,

(ख) दातृ निकायहरुबाट सञ्चालित आयोजनाहरुमा परामर्शदाताको रुपमा कार्य गर्न,

(ग) अध्यापन तथा प्रशिक्षण जस्ता स्वतन्त्र प्राज्ञिक काम बाहेक नेपालस्थित कुटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र राष्ट्रिय गैर सरकारी तथा निजी संघ सस्थामा कर्मचारी, परामर्शदाता वा अन्य कुनै हैसियतमा काम गर्न ।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले यो ऐन बमोजिमको सेवा सुविधा लिन पाउने छैन ।



नि–सचिव

७६. निर्वाचनमा भाग लिन नहुने : निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार-प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

७७. प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध : (१) निजामती कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

(२) यस दफा विपरित कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो निजामती कर्मचारीलाई विभागीय कारवाही गरी क्षतिपूर्ति समेत भराइनेछ ।

७८. प्रतिनिधित्व गर्न नहुने : निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।

७९. यौनजन्य दुर्व्यवहार गर्न नहुने : कुनै निजामती कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

८०. यातना दिन नहुने : निजामती कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन ।

८१. सम्पत्ति विवरण पेश गर्नुपर्ने : (१) निजामती कर्मचारीले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र आफ्नो सम्पत्तिको विवरण पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको सम्पत्ति विवरण मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुने गरी विद्युतीय माध्यमबाट सुरक्षित एवं गोप्य किसिमले अभिलेख रहने व्यवस्था गर्न सकिनेछ ।

८२. स्थायी आवासीय अनुमति लिन नहुने : (१) कुनै पनि निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन ।

(२) कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेश गर्नु पर्नेछ ।

नि-सचिव

(३) यो ऐन प्रारम्भ हुनु अघि कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेको भएमा त्यस्तो कर्मचारीले यो ऐन प्रारम्भ भएको मितिले तीस दिन भित्र आफू कार्यरत कार्यालयमा सोको विवरण पेश गर्नु पर्नेछ ।

८३ सामाजिक जवाफदेहिता वहन गर्नुपर्ने: (१) संविधान र कानुनको पालना गरी सामाजिक जवाफदेहिता वहन गर्नु निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

(२) कानून प्रतिकूल कार्य भएको थाहा पाउने कर्मचारीले सम्वन्धित निकाय र अधिकारीलाई जानकारी गराउनु निजको कर्तव्य हुनेछ ।

## परिच्छेद -१०

## सेवाको सुरक्षा

८४. निजामती कर्मचारीको सेवाको सुरक्षा : देहायका अवस्थामा बाहेक कुनै पनि निजामती कर्मचारीलाई सफाईको मनासिब मौका नदिई निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन :-

(क) भ्रष्टाचार, राष्ट्र विरुद्ध जासूसी, लागू औषध कारोवार, मानव वेचविखन, अपहरण, शरीर बन्धक, जवरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) भागी, हराई वा वेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको,

(ग) तीन वर्ष वा सो भन्दा वढी कैद सजाय हुने गरी अदालतवाट कसूरदार ठहरिएको ।

८५. निजामती कर्मचारीको वचाउ : (१) निजामती कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालना सम्झी गरेको कामको सम्बन्धमा अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्धा चलाउन सकिने छैन ।

(२) कुनै निजामती कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि नेपाल सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाउन नेपाल सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा नेपाल सरकारले गर्नेछ ।

नि–सचिव

८६. <u>निजामती कर्मचारीको सेवा शर्तको सुरक्षा</u> : (१) कुनै निजामती कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन।

(२) कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको वा खटिएको कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने निवृत्तभरण, उपदान, उपचार खर्च र सञ्चित विदाको रकम नेपाल सरकारले व्यहोर्नेछ।

तर भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीलाई यस उपदफा बमोजिमको सुविधा दिइने छैन ।

## परिच्छेद-११

## <u>विभागीय सजाय र पुनरावेदन</u>

८७. <u>विभागीय सजाय</u> : (१) कार्यालय प्रमुख र विभागीय प्रमुखले आफु र आफ्ना मातहतका कर्मचारीलाई यस ऐन र नियम बमोजिम तोकिएको आचरणको पालना गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नु पर्ने कर्मचारीले त्यस्तो आचरण उल्लंघन गरेमा कार्यालय प्रमुख वा विभागीय प्रमुखले समयमै निज कर्मचारीलाई विभागीय कारवाही गर्नु पर्नेछ ।

(३) कार्यालय प्रमुख वा विभागीय प्रमुखले उपदफा (१) र (२) बमोजिम कार्य गरे वा नगरेको भन्ने विषयलाई समेत कार्य सम्पादन मूल्याङ्कनको आधार बनाईनेछ ।

(४) निजामती कर्मचारीलाई सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछ :-

(क) सामान्य सजाय :

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने ।

(ख) विशेष सजाय :

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,



नि-सचिव

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

८८. नसिहत दिने : देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई नसिहत दिने सजाय गर्न सकिनेछ :-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) पूर्वस्वीकृति नलिई दुई पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(घ) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(ङ) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा,

(च) व्यवस्थापन परीक्षण गर्दा प्रशासनिक अनियमितता गरेको देखिएमा,

(छ) दफा १०९ बमोजिम चेतावनी पाएको कर्मचारीले सोही पदमा रहँदा पुन: सोही दफा बमोजिमको कुनै काम गरेमा,

(ज) दफा ९० को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा जरिवानाको सजाय भएमा ।

८९. बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने : (१) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ :-

(क) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) सेवाग्राहीको पीर मर्का र उजूरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा उल्लिखित आचरण सम्बन्धी कुराहरु तथा दफा १२९ बमोजिम जारी भएको आचार संहिताको पालना नगरेमा वा उल्लङ्घन गरेमा,

नि–सचिव

(ङ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(च) सेवा प्रवाहमा जानाजान लापरवाही ढिलासुस्तीको कारण सेवाग्राहीलाई हानि पुग्न गएमा,

(छ) अन्य कर्मचारी वा सेवाग्राही माथि गालिगलौच वा हातपात गरेमा,

(ज) बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(झ) दफा ८८ बमोजिम नसिहत पाएको निजामती कर्मचारीले सोही पदमा रहँदा पुन: सोही दफा बमोजिमको कुनै काम गरेमा,

(ञ) दफा ९० को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै फौजदारी अभियोगमा एक वर्षभन्दा कम कैदको सजाय भएमा ।

(२) निजामती कर्मचारीले उपदफा (१) को खण्ड (ञ) बमोजिम कैदको सजाय पाएको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

९०. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u> : (१) देहायको कसुर प्रमाणित भएमा कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ:-

(क) आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा वा त्यस्तो काम वा जिम्मेवारीको पटक पटक बेवास्ता गरेमा,

(ख) राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिएमा वा राजनीतिक दलको तर्फबाट निर्वाचनमा उम्मेदवार बनेमा,

(ग) कार्यालयको समयमा पटक पटक मादक पदार्थको सेवन गरी उपस्थित भएमा,

(घ) पटक पटक अनुशासन र आदेश पालना नगरेमा,

(ङ) विदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

नि-सचिव

(च) विदा स्वीकृत गराएकोमा वाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा.

(छ) दफा ८९ बमोजिमको विभागीय सजाय पाएको कर्मचारीले सोही पदमा रहँदा पुन: सोही दफा बमोजिमको कुनै काम गरेमा.

(ज) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग वाहेक अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्ष वा सोभन्दा बढी कैदको सजाय भएमा ।

(झ) कुनै पदाधिकारीलाई गैरकानुनी दवाव दिएमा ।

(२) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ :-

(क) भ्रष्टाचार, राष्ट्र विरुद्ध जासूसी, लागू औषध कारोबार, मानव वेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) सरकारी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

९१. हाजिरी र गयलकट्टी सम्बन्धी व्यवस्था : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलबकट्टी गर्न सक्नेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९० को उपदफा (१) को खण्ड (ङ) वा (च) विपरीत विदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने निजामती कर्मचारीलाई गयलकट्टी गरी वा नगरी हाजिर गराइने छैन र सो अवधिपछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको विदा समेत स्वीकृत गरिने छैन ।

(३) कसैले उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई हाजिर गराएमा वा दफा ९० को उपदफा (१) को खण्ड (ङ) वा (च) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त निवेदन



नि-सचिव

बमोजिम विदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा विदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा विदा स्वीकृत गर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

(४) दफा ९० को उपदफा (१) को खण्ड (ङ) वा (च) बमोजिमको निजामती कर्मचारीलाई सजायको निर्णय गर्दा सो बमोजिमको अवधि पूरा भएको भोलिपल्टदेखि लागू हुने गरी निर्णय गर्नु पर्नेछ। यसरी अनुपस्थित रहेको अवधि गयलकट्टी गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकाय र राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ ।

(६) दफा ९० को उपदफा (१) को खण्ड (ङ) वा (च) बमोजिम अनुपस्थित रहने निजामती कर्मचारीलाई सो बमोजिमको अवधि पूरा भएको वा त्यस्तो विषय जानकारी भएको पन्ध्र दिनभित्र विभागीय सजायको लागि कारबाही शुरु गरी बढीमा छ महिनाभित्र टुङ्ग्याई सक्नु पर्नेछ ।

९२. विभागीय सजाय दिने अधिकारी : (१) निजामती कर्मचारीलाई दफा ८७ को खण्ड (ख) बमोजिम सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पद र सोभन्दा माथिको पदमा कार्यरत निजामती कर्मचारीलाई नेपाल सरकारलाई,

(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई निज कार्यरत निकायको विशिष्ट श्रेणी वा सो सरहको अधिकारीलाई,

(ग) राजपत्र अनङ्कित वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको राजपत्राङ्कित वा सो सरहको कार्यालय प्रमुखलाई ।

(२) दफा ८७ को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ ।

९३. निलम्बन गर्ने : (१) कुनै निजामती कर्मचारीको सम्बन्धमा दफा ८९ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन :-

नि-सचिव

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा झुठ्ठा सबुत प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा नेपाल सरकारवादी भई मुद्धा दायर भएमा ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतयः साठी दिनभन्दा बढी गरिने छैन । सो अवधिभित्रै कर्मचारी उपरको कारबाही किनारा लगाउनु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।

(३) कुनै फौजदारी अभियोगमा न्यायिक हिरासतमा रहेको निजामती कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

(४) कुनै निजामती कर्मचारी भ्रष्टाचार, राष्ट्र विरुद्ध जासूसी, लागू औषध कारोबार, मानव वेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतवाट कसूरदार ठहरिएमा वा नैतिक पतन देखिने यस्ता प्रकतिका अन्य फौजदारी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो कर्मचारी स्वतः निलम्बन भएको मानिनेछ ।

९४. निलम्बनको समाप्ति : कुनै निजामती कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा, दफा ९३ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ ।

९५. सफाई पेश गर्ने मौका दिनुपर्ने : (१) विभागीय सजायको आदेश दिने अधिकारीले कुनै निजामती कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारवाही गर्न लागिएको कारणको उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

तर नेपाल सरकारले सजायको आदेश दिनु पर्नेमा त्यसरी सफाईको मौका दिने प्रयोजनको लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाईको मौका दिन सक्नेछ ।

नि–सचिव

(२) उपदफा (१) बमोजिम मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्वन्धित निजामती कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाई पेश गर्नु पर्नेछ र यसरी पेश हुन आएको सफाईलाई सम्वन्धित अधिकारीले गम्भीरतापूर्वक लिनु पर्नेछ ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ ।

९६. <u>विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने</u> : विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा ९५ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सम्वन्धित निजामती कर्मचारीले सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्वन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

९७. <u>लोक सेवा आयोगको परामर्श लिनुपर्ने</u> : (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित निजामती कर्मचारीले दफा ९५ बमोजिम दिएको सफाई वा दफा ९६ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाई वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(२) उपदपफा (१) बमोजिम परामर्श माग गरेकोमा लोक सेवा आयोगले एक महिनाभित्र आवश्यक परामर्श उपलब्ध गराउनेछ ।

९८. <u>सजाय सम्बन्धी निर्णय गर्ने</u> : (१) दफा ९७ बमोजिम लोक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुद प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिन भित्र विभागीय सजायको सम्वन्धमा निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सम्वन्धी जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारी र तोकिएको निकायलाई दिनु पर्नेछ ।

९९. <u>जानकारी दिने सकिने</u> : (१) दफा ८२ विपरित कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो

नि-सचिव

व्यक्तिले सो जानकारी सम्बन्धित निजामती कर्मचारी कार्यरत कार्यालय वा मन्त्रालयमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजायको आदेश दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजायको आदेश दिने अधिकारीले सेवा सञ्चालन गर्ने मन्त्रालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम छानबिन र कारबाही गर्दा कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको देखिएमा सजायको आदेश दिने अधिकारीले निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मन्त्रालय र सेवा सञ्चालन गर्ने मन्त्रालयलाई दिनु पर्नेछ ।

१००. <u>प्रशासकीय अदालतको गठन, काम, कर्तव्य र अधिकार</u> : (१) यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर पुनरावेदन सुन्नको लागि देहाय बमोजिमको एक प्रशासकीय अदालत गठन गरिनेछ :-

(क) उच्च अदालतको मुख्य न्यायाधीश वा मुख्य न्यायाधीश हुन योग्यता पुगेका व्यक्ति मध्येबाट नेपाल सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति -अध्यक्ष

(ख) उच्च अदालतको न्यायाधीश वा न्यायाधीश हुन योग्यता



नि-सचिव

पुगेका व्यक्ति मध्येबाट नेपाल सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति -सदस्य

(ग) मन्त्रालयको सचिव -सदस्य

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम उच्च अदालतको बहालवाला मुख्य न्यायाधीश वा न्यायाधीशलाई प्रशासकीय अदालतको अध्यक्ष वा सदस्य तोक्नु पर्ने भएमा न्याय परिषद्को परामर्श लिनु पर्नेछ ।

(३) मन्त्रालयको सचिवले कुनै मुद्दा हेर्न नमिल्ने भएमा त्यस्तो मुद्दाको हकमा नेपाल सरकारले तोकेको सचिव सदस्य हुनेछ ।

(४) प्रशासकीय अदालतमा पुनरावेदन गर्ने पुनरावेदकले चाहेमा आफैं वा वारिस मार्फत् तारिखमा बस्न र कानून व्यवसायीद्वारा बहस पैरवी गराउन सक्नेछ ।

(५) प्रशासकीय अदालतमा आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

(६) यस ऐन बमोजिम विभागीय सजाय पाउने निजामती कर्मचारीले विभागीय सजायको आदेश सुनी पाएको वा त्यसको सूचना पाएको मितिले पैतीस दिनभित्र प्रशासकीय अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

तर काबू बाहिरको परिस्थितिले गर्दा म्याद गुज्रिएकोमा बढीमा तीस दिनसम्मको म्याद थामिन सक्नेछ ।

(७) प्रशासकीय अदालतले आफू समक्ष परेको पुनरावेदनमा त्यस्तो पुनरावेदन परेको मितिले सामान्यतया: छ महिनाभित्र निर्णय गर्नु पर्नेछ ।

(८) प्रशासकीय अदालतको कार्यविधि नेपाल सरकारले बनाउनेछ ।

(९) प्रशासकीय अदालतको अन्य काम, कर्तव्य अधिकार यस ऐन र नियम अन्तर्गत अधिकार प्राप्त अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले उजुर गर्ने र त्यस सम्बन्धी कारवाही गर्ने लगायतका अन्य विषय कानुनद्वारा तोकिए बमोजिम हुनेछ ।

(१०) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको प्रशासकीय अदालतमा रहेका मुद्धाहरु यस दफा बमोजिमको प्रशासकीय अदालतमा सर्नेछन् ।

१०१. निर्णयमा असर नपर्ने : कुनै निजामती कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरु बमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको कारबाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन ।



नि-सचिव

१०२. <u>सजायको अभिलेख</u> : (१) कुनै निजामती कर्मचारी उपर विभागीय सजाय गरिएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक विभाग वा केन्द्रीय निकाय, सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय र राष्ट्रिय किताबखानामा समेत पठाउनु पर्नेछ ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सेवा सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका प्रत्येक निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद -१२

## नेपाल स्वास्थ्य सेवा सम्बन्धी थप व्यवस्था

१०३. <u>नेपाल स्वास्थ्य सेवामा स्तर वृद्धि</u> : (१) नेपाल स्वास्थ्य सेवाको विभिन्न पदहरुमा तोकिए बमोजिम स्तर वृद्धि गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवधिभर सो सेवाका निजामती कर्मचारीलाई स्तरवृद्धि गरिने छैन:-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तलबवृद्धि वा बढुवा रोक्का भएकोमा तलबवृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) असाधारण विदामा बसेकोमा सो विदाको अवधिभर, र

(घ) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्यसँग सम्बन्धित परिषद्‌बाट नाम दर्ता निलम्बन भएकोमा त्यस्तो निलम्बनको अवधिभर।

१०४. <u>नेपाल स्वास्थ्य सेवामा अस्थायी नियुक्ति सम्बन्धी व्यवस्था</u> : (१) लोक सेवा आयोगले नेपाल स्वास्थ्य सेवाको पदको लागि आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिको लागि सिफारिस नभएका उम्मेदवारहरुमध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ ।

(२) नेपाल स्वास्थ्य सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नुपर्ने भएमा अख्तियारवालाले लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा लोक सेवा आयोगले योग्यता क्रमको सूचीमा रहेका व्यक्तिलाई मागको आधारमा बढीमा छ महिनाको लागि अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनेछ ।

नि-सचिव

(४) उपदफा (१) बमोजिमको सूची प्रकाशन नभएको अवस्थामा वा उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्तिको सङ्ख्या रिक्त पदसङ्ख्या भन्दा कम भएमा लोक सेवा आयोगको सहमति लिई छ महिनासम्मको लागि अख्तियारवालाले अस्थायी नियुक्ति गर्न सक्नेछ।

(५) लोक सेवा आयोगवाट स्थायी पदपूर्तिको लागि सिफारिस भई नआएसम्म लोक सेवा आयोगको सहमति लिई यस दफा बमोजिम नियुक्ति गरिएका अस्थायी कर्मचारीको म्याद थप गर्न सकिनेछ ।

(६) उपदफा (४) बमोजिम अस्थायी नियुक्ति गरेको जानकारी सात दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवाको कुनै पदमा स्थायी पदपूर्तिका लागि लोक सेवा आयोगमा माग नगरी त्यस्तो पदमा अस्थायी नियुक्ति गर्न पाइने छैन ।

(८) यस दफा विपरित कसैले अस्थायी नियुक्ति गरे गराएमा त्यस्तो नियुक्ति भएको कर्मचारीले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीवाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१०५. <u>नेपाल स्वास्थ्य सेवाको लागि बढुवा समिति सम्बन्धी व्यवस्था</u> : (१) नेपाल स्वास्थ्य सेवाको अधिकृत तहको पदमा बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य - अध्यक्ष

(ख) मुख्य सचिव - सदस्य

(ग) मन्त्रालयको सचिव - सदस्य

(घ) लोक सेवा आयोगद्वारा मनोनित सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(ङ) नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिव - सदस्य-सचिव

(२) नेपाल स्वास्थ्य सेवाको सहायक तहको पदमा बढुवा सिफारिस गर्न तोकिए बमोजिमको बढुवा समिति रहनेछ ।

(३) यस दफा बमोजिमको बढुवा समितिले कर्मचारीहरुको बढुवाको सिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।



नि-सचिव

(४) यस दफा बमोजिमको बढुवा समितिले बढुवा आवेदन फाराम सङ्कलन गर्ने निकायबाट बढुवा आवेदन फाराम प्राप्त गरेको मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ ।

१०६. नेपाल स्वास्थ्य सेवाको बढुवाको लागि न्यूनतम योग्यता र सेवा अवधि : (१) कर्मचारीले बढुवाको लागि उम्मेदवार हुन तोकिए बमोजिमको शैक्षिक योग्यता प्राप्त गरेको र बढुवा हुने तहभन्दा एक तह मुनिको पदमा रही सहायकस्तरको हकमा कम्तीमा चार वर्ष र अधिकृतस्तरको हकमा कम्तीमा छ वर्ष सेवा अवधि पूरा गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बढुवाको लागि उम्मेदवार हुन कम्तीमा दुई वर्ष दुर्गम क्षेत्रमा काम गरेको हुनु पर्नेछ ।

तर दुर्गम क्षेत्रमा पद नभएको अवस्थामा यस उपदफा बमोजिम दुर्गम क्षेत्रमा काम गरेको अवधि पूरा नभएकै कारणले कुनै कर्मचारीलाई बढुवा हुनबाट बञ्चित गरिने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "दुर्गम क्षेत्र" भन्नाले तोकिए बमोजिमको "क", "ख" वा "ग" वर्गको भौगोलिक क्षेत्र सम्झनु पर्छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पाँचौं तहको पदमा दश वर्ष सेवा अवधि पूरा गरेको कर्मचारीको सो तहको लागि निर्धारित शैक्षिक योग्यता नभए पनि छैठौं तहको बढुवाको लागि उम्मेदवार हुन सक्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा हुने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र एउटै तहमा दश वर्ष वा सोभन्दा बढी सेवा गरेको निजामती कर्मचारीले दुर्गम क्षेत्रमा काम नगरेकै कारण त्यस्तो कर्मचारी बढुवा हुनबाट बञ्चित हुने छैन ।

१०७. नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहको पदमा नियुक्ति : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहको पदमा नियुक्ति गर्ने प्रयोजनको लागि दफा १०५ बमोजिमको बढुवा समितिले सो सेवाको एघारौं तहमा कम्तीमा पाँच वर्ष काम गरेको कर्मचारीमध्येबाट उपलब्ध भएसम्म रिक्त पदको पचास प्रतिशत थप उम्मेदवारलाई ज्येष्ठता र कार्यकुशलताको आधारमा सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बढुवा समितिले सिफारिस गरेका उम्मेदवारमध्येबाट नेपाल सरकारले ज्येष्ठता र कार्यकुशलताको आधारमा उपयुक्त ठहऱ्याएको उम्मेदवारलाई नेपाल स्वास्थ्य सेवाको बाह्रौं तहको पदमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्त बाह्रौं तहको कर्मचारीको पदावधि पाँच वर्षको हुनेछ ।



नि–सचिव

१०८. नेपाल स्वास्थ्य सेवामा सेवा अवधि गणना : (१) संवत् २०५४ साल जेठ १४ गतेभन्दा अघि निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल स्वास्थ्य सेवाको समान स्तरको पदमा रही गरेको सेवा अवधि यस दफा बमोजिम बढुवा प्रयोजनको लागि गणना गरिनेछ ।

(२) यो दफा प्रारम्भ हुनुअघि लोक सेवा आयोगको प्रक्रिया पूरा गरी छैठौं र सातौं तहमा नियुक्ति भएका कर्मचारीको सो तहमा गरेको सेवा अवधि माथिल्लो तहमा स्तरवृद्धि वा बढुवा प्रयोजनको लागि गणना गरिनेछ ।

## परिच्छेद-१३

## विविध

१०९. चेतावनी दिन सकिने : कुनै निजामती कर्मचारीले देहायको कुनै काम गरेमा सुपरीवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राख्नेछ :-

(क) समय पालना नगरेमा,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफुभन्दा माथिको कर्मचारीले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य गरेमा,

(घ) कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा, वा

(ङ) सेवाग्राहीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा ।

११०. निजामती कर्मचारीले पाउने विदा : (१) निजामती कर्मचारीले देहायका विदाहरु तोकिए बमोजिम पाउनेछ :-

(क) भैपरी आउने र पर्व विदा,

(ख) घर विदा,

(ग) विरामी विदा,

(घ) प्रसूती विदा,

(ङ) प्रसूती स्याहार विदा,

(च) किरिया विदा,

नि-सचिव

(छ) अध्ययन विदा, र

(ज) असाधारण विदा ।

(२) नेपाल स्वास्थ्य सेवाको कर्मचारीले उपदफा (१) बमोजिमका विदा बाहेक तोकिए बमोजिमको सट्टा विदा समेत पाउनेछ ।

१११. <u>वेतलवी विदा</u> : (१) कुनै निजामती कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा वा नेपाल सरकारको मनोनयनमा अध्ययन विदा स्वीकृत भई विदेशी विश्वविद्यालयमा अध्ययनका लागि गएमा त्यस्तो निजामती कर्मचारीले तोकिए बमोजिम वेतलवी विदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

११२. <u>भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधा</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८७ को उपदफा (२) (४) को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको निजामती कर्मचारीले दफा ४५ बमोजिमको सञ्चय कोषको रकम, दफा ४६ बमोजिमको बीमा रकम र दफा ६२ बमोजिमको योगदानमा आधारित निवृत्तभरण कोषमा जम्मा भएको त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको व्याज बाहेक अन्य कुनै सुविधा पाउने छैन।

तर दफा ९० को उपदफा (२) को खण्ड (क) बमोजिम सजाय पाई बर्खास्त भएको कर्मचारीले सञ्चित घर विदा र विरामी विदा बापतको रकम पाउनेछ ।

(२) निजामती सेवाबाट अवकाश प्राप्त व्यक्तिको मृत्यु भई निजको हकवालाले कुनै सुविधा पाउने भएमा र त्यस्तो सुविधा पाउने व्यक्तिले स्थायी आवासीय अनुमति पाएको भएमा त्यस्तो व्यक्तिले उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन ।

११३. <u>आयकर छुट हुने</u> : निजामती कर्मचारी सेवाबाट अलग भएपछि निज वा निजको परिवारले भुक्तानी पाउने उपदान, निवृत्तभरण, योगदानमा आधारित निवृत्तभरण, उपचार खर्च, बीमा, सञ्चित विदा र सञ्चय कोष बापतको रकममा आयकर लाग्ने छैन ।

११४. <u>अधिकार प्रत्यायोजन</u> : (१) नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरु नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको निजामती कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

नि-सचिव

(२) यस ऐन बमोजिमको कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मातहतका निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर विभागीय सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन ।

११५. व्यवस्थापन परीक्षण : (१) लोक सेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरु बाहेक मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिको पालना गरे नगरेको सम्बन्धमा सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रशासकीय अनियमितता देखिएमा सम्बन्धित निजामती कर्मचारी उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ ।

(३) मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक सय बीस दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

११६. नोकरी नथामिने : कुनै निजामती कर्मचारीले दफा ८७ को उपदफा (४) को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनःस्थापित हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको एक वर्ष मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन ।

११७. निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधा : (१) कुनै निजामती कर्मचारीलाई दफा ८७ को उपदफा (४) को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारी अदालतको आदेशद्वारा निजामती सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता र तलब वृद्धि पाउनेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९० को उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम सेवाबाट हटाइएको निजामती कर्मचारी अदालतको आदेशबाट सेवामा पुनःबहाली भएमा अनुपस्थित भएको मितिदेखि अदालतबाट पुनःबहाली भई हाजिर भएको अघिल्लो दिनसम्मको तलब, भत्ता र चाडपर्व खर्च पाउने छैन ।

नि-सचिव

(४) कुनै निजामती कर्मचारी विभागीय सजाय भई सेवाबाट हटाइएको वा बर्खास्त गरिएकोमा कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम समायोजनको कार्य सम्पन्न भइसकेपछि अदालतको निर्णय अनुसार सेवामा पुन:स्थापित हुने भएमा त्यस्तो कर्मचारी सङ्घीय निजामती सेवाको कर्मचारी मानिनेछ ।

११८. निजामती कर्मचारी ट्रेड यूनियन : (१) यस ऐनको अधीनमा रही निजामती कर्मचारीले निर्वाचनको माध्यमबाट एक निजामती कर्मचारी ट्रेड यूनियनको गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको निजामती कर्मचारी ट्रेड यूनियनको निर्वाचनमा कार्यालय प्रमुख भई काम गर्नुपर्ने बाहेक राजपत्र अनंङ्कित प्रथम श्रेणी वा छैठौं तह वा सो भन्दा मुनिको कर्मचारी सहभागी हुन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिमको निजामती कर्मचारी ट्रेड यूनियनको निर्वाचन प्रत्येक तीन वर्षमा गरिनेछ।

(४) निजामती कर्मचारी ट्रेड यूनियनले कर्मचारीहरुको सामूहिक हक हितको संरक्षण तथा संवर्द्धनका लागि सामुहिक सौदाबाजी तथा सामाजिक संवादमा सहभागी हुन पाउनेछ ।

(५) निजामती सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माणमा सरकारलाई रचनात्मक सहयोग गर्नु निजामती कर्मचारी ट्रेड यूनियनको कर्तव्य हुनेछ।

(६) कानुन बमोजिम तोकिएको पदिय जिम्मेवारी पुरा गर्नु निजामती कर्मचारी ट्रेड युनियनको कार्यसमितिको पदाधिकारी वा सदस्य भएको कर्मचारीको कर्तव्य हुनेछ।

(७) एउटै व्यक्ति दुई कार्यकालभन्दा बढी निजामती कर्मचारी ट्रेड यूनियनको कार्यसमितिको एकै पदमा रहने छैन।

(८) निजामती कर्मचारी ट्रेड यूनियनको दर्ता, निर्वाचन र पदाधिकारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको निर्वाचित आधिकारिक ट्रेड यूनियन निर्वाचित अवधिसम्मका लागि यसै ऐन बमोजिम कायम रहेको मानिनेछ ।

तर सो अवधि अगावै यस ऐन बमोजिम निजामती कर्मचारी ट्रेड यूनियनको निर्वाचन भएमा सो आधिकारिक ट्रेड यूनियन स्वतः विघटन भएको मानिनेछ ।

(१०) निजामती कर्मचारी ट्रेड यूनियनमा संलग्न कर्मचारीको आचरण तोकिए बमोजिम हुनेछ ।



नि-सचिव

११९. संघ, प्रदेश र स्थानीय तह बीचको प्रशासनिक अन्तरसम्बन्ध : (१) संघ, प्रदेश र स्थानीय तहका सरकारी सेवाहरुले यो ऐनलाई मार्गदर्शक ऐनको रुपमा लिनु पर्नेछ । सम्बन्धित प्रदेशले प्रदेश निजामती सेवा र स्थानीय सेवा सम्वन्धी कानून निर्माण गर्दा यस ऐनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रुपमा लिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका वखत साविकको स्थानीय निकायको सेवामा रहेका स्थायी कर्मचारी तथा कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम स्थानीय सेवामा समायोजन भएका कर्मचारीलाई स्थानीय सेवाको पदमा समायोजन गर्दा मिल्दो र उपयुक्त श्रेणी वा तहमा समायोजन गरिनेछ ।

(३) सम्बन्धित प्रदेशले प्रदेश निजामती सेवा र स्थानीय सेवा सम्बन्धी कानून बनाउँदा देहायका व्यवस्था समेत गर्नु पर्नेछ :-

(क) प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था,

(ख) प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था,

(ग) सम्वन्धित प्रदेशमा रहेका स्थानीय तहमा कार्यरत स्थानीय सेवाका कर्मचारीलाई सोही प्रदेशभित्रको अर्को स्थानीय तहको समान श्रेणी वा तहमा सरुवा गर्न सकिने व्यवस्था,

(घ) सेवा विशिष्टिकरण गर्नु पर्ने अवस्थामा प्रदेश निजामती सेवाका कर्मचारीलाई सम्बन्धित प्रदेश भित्रको स्थानीय सेवाको समान श्रेणी वा तहको पदमा र सम्बन्धित प्रदेश भित्रका स्थानीय सेवाका कर्मचारीलाई प्रदेश निजामती सेवाको समान श्रेणी वा तहको पदमा सरुवा गर्न सकिने व्यवस्था,

(ङ) सम्वन्धित प्रदेश तथा अन्य प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीले प्रदेश निजामती सेवामा खुला प्रतियोगितामा भाग लिन उमेरको हद नलाग्ने व्यवस्था ।

१२०. प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारीको दरबन्दी सम्बन्धी विशेष व्यवस्था : (१) कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहमा खटिएका कर्मचारीको दरवन्दी कायम राख्ने प्रयोजनको लागि मन्त्रालयमा प्रदेश पुल तथा स्थानीय पुल दरबन्दी रहनेछ ।

(२) कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम प्रदेश तथा स्थानीय तहमा खटिएका कर्मचारीको दरबन्दी उपदफा (१) बमोजिमको पुल दरबन्दीमा कायम गरिनेछ ।

नि-सचिव

तर प्रदेश वा स्थानीय सेवा गठन भई कुनै कर्मचारी प्रदेश वा स्थानीय तहमा समायोजन भएमा निजको दरवन्दी पुल दरवन्दीमा कायम नरही सम्वन्धित प्रदेश वा स्थानीय तहको सेवामा कायम रहनेछ ।

(३) उपदफा (२) बमोजिम खटिएका निजामती कर्मचारी जुनसुकै कारणले सो कार्यालयमा नरहेमा त्यस्तो पदमा प्रदेश तथा स्थानीय सेवाका कर्मचारीहरुवाट पूर्ति गरिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय सेवा गठन नभएको वा प्रदेश वा स्थानीय तहले कर्मचारी पूर्ति गर्न नसकेको कारण त्यस्तो पदमा निजामती सेवाका कर्मचारी खटाउन सम्वन्धित प्रदेश वा स्थानीय तहले अनुरोध गरेमा नेपाल सरकारले निजामती कर्मचारी खटाउन सक्नेछ । यसरी खटिएको कर्मचारीको दरवन्दी उपदफा (१) बमोजिमको प्रदेश वा स्थानीय पुलमा रहनेछ ।

१२१. निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाईको व्यवस्था : (१) निजामती कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजूरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा वाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने विषयमा आफुलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्वन्धित निकायलाई जानकारी गराउँदा समेत कारवाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो मन्त्रालयमा तोकिए बमोजिम राख्न सक्नेछ ।

(२) निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाई सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२२. वरबुझारथ गर्नुपर्ने : कुनै निजामती कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्वन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र सो बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ ।

१२३. अपाङ्गता भएका कर्मचारीका लागि विशेष व्यवस्था : (१) अपाङ्गता भएको कर्मचारीको पदस्थापन वा सरुवा गर्दा निजको अपाङ्गताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा गरिनेछ ।

(२) अपाङ्गता भएको कर्मचारीको कार्य सहजताको लागि कार्य वातावरण र कार्यालयको विन्यास अपाङ्ग मैत्री बनाउन तथा निजको कामलाई सहजीकरण गर्न कार्यालय प्रमुखले आवश्यक व्यवस्था पर्नेछ ।

नि-सचिव

१२४. <u>कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन</u> : (१) निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि तोकिए बमोजिमको कल्याणकारी कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित कोषको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१२५. <u>अतिरिक्तमान सम्बन्धी विशेष व्यवस्था</u>: (१) नेपाल सरकारले निजामती सेवाका राजपत्रांकित प्रथम श्रेणी वा सो सरहका सम्बन्धित सेवा समूहका निजामती कर्मचारीहरुमध्ये ज्येष्ठताका आधारमा अतिरिक्तमान दिई प्रदेश सरकारको मन्त्रालयमा सचिवका रुपमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारका मन्त्रालयमा खटाईएका निजामती कर्मचारी नेपाल सरकारको मन्त्रालय वा निकायमा सरुवा भई वा काज फिर्ता भई आएमा यस्तो अतिरिक्तमान पाउने छैनन् ।

(३) अतिरिक्तमान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२६. <u>नेपाल सरकारले सेवा निवृत पूर्व कर्मचारीको सेवा लिन सक्ने</u>: (१) निजामती सेवाबाट अवकाश प्राप्त गरी निवृत्तभरण पाइरहेका कर्मचारीसँग नेपाल सरकारले आवश्यक सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवानिवृत्त पूर्व कर्मचारीको कर्तव्य हुनेछ ।

(३) सेवानिवृत्त पूर्व कर्मचारीको सेवा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२७. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले सबै निजामती सेवाहरुमा सामान्य रुपले लागू हुने वा बेग्ला बेग्लै सेवा, समूह वा उपसमूहको लागि पृथक रुपले लागू हुने नियमहरु बनाउन सक्नेछ ।

१२८. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने</u> : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

१२९. <u>आचारसंहिता जारी गर्न सक्ने</u> : नेपाल सरकारले निजामती कर्मचारीको लागि अलग्गै आचारसंहिता जारी गर्न सक्नेछ । त्यस्तो आचारसंहिताको पालना गर्नु सबै निजामती कर्मचारीको कर्तव्य हुनेछ ।

१३०. <u>खारेजी र बचाउ</u> : (१) निजामती सेवा ऐन, २०४९ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ खारेज गरिएका छन्।



Prasashan.com Prasashan.com Prasashan.com